मितेरी नेपाल FRIENDSHIP NEPAL
२०५५

# मितेरी



३

# मितेरी

मितेरी हाम्रो अजम्मरी जहाँ रहे पनि

२०६८ असार

प्रधान सम्पादक
चन्द्रकला नेवार

सम्पादक
यादव भट्टराई

सम्पादन सहयोगी
कमला रिसाल
सङ्गीता शर्मा

व्यवस्थापक
महेन्द्र गुरुङ

प्रकाशक
मितेरी नेपाल
पो.ब.नं. ९५५४
काठमाडौं
फोन ४७८३८५०

मुद्रक
सूर्योदय छापाखाना
घोविधारा, काठमाडौं
फोन नं. ४४३४९७१

कम्प्युटर सेटिङ्ग
दीपेन्द्रबहादुर बस्नेत

सहयोगस्वरूप रु. १००।-

## सम्पादकीय

- मुलुकको गम्भीर र चुनौतीपूर्ण अवस्था एकातिर छ भने अर्कातिर शान्ति र संविधानको टुङ्गो लाग्न सकिरहेको देखिँदैन । स्रष्टाका सिर्जनाहरूमा पनि देश दुःखेको अनुभूत गर्न सकिन्छ। मुलुकका सबै क्षेत्रमा समस्यै समस्या छन् । शान्ति, सुरक्षा, रोजगारी, न्याय जस्ता कुराहरूमा को जवाफदेही हुने हो भन्नेमा पनि अन्योल छ। यस्तो अवस्थामा पनि स्रष्टाहरू सिर्जनारत छन् । आवश्यक परेका बेला कलम बोकेरै सडक तताएका छन्-स्रष्टाहरूले । इतिहास त्यसको साक्षी छ । त्यसैले स्वतन्त्रता र स्वाभिमानको रक्षाका लागि कलमका सिपाहीहरू सचेत छन् ।

- 'मितेरी नेपाल' नेपाली भाषासाहित्यको उन्नयन र संवर्द्धन तथा भाषासाहित्यसेवीहरूको सम्मानमा स्थापनाकालदेखि नै समर्पित रहेको छ। विगत लामो समयदेखि नेपालभित्रका एवं नेपाल बाहिरका नेपालीभाषी स्रष्टाहरूलाई सम्मान गर्नु 'मितेरी नेपाल'को परम्परा बनेको छ।

- असार महिना नेपाली भाषाका आदिकवि भानुभक्त आचार्यको जन्म महिना पनि हो । तत्कालीन परिस्थिति र समयमा भानुभक्तले नेपाली भाषासाहित्यका माध्यमबाट जुन योगदान गरे, त्यो महत्त्वपूर्ण र ऐतिहासिक छ भन्ने लाग्छ । त्यसैको फलस्वरूप विश्वका जुन जुन स्थानमा नेपालीहरू पुगेका छन् त्यहाँ त्यहाँ भानुभक्त स्मरणीय बनेका छन् ।

- 'मितेरी नेपाल' को वार्षिक कार्यक्रम नै हो- भानुजयन्ती समारोह । यस वर्ष नेपालभित्रका स्रष्टाद्वय श्री प्रकाश ए. राज र श्री मुक्तिनाथ शर्मा नेउपाने एवं नेपालबाहिर (दार्जिलिङ)का स्रष्टा श्री नरबहादुर दाहाललाई क्रमशः मितेरी पर्यटन साहित्य सम्मान, पारिजात मितेरी साहित्य सम्मान र हरिभक्त कटुवाल मितेरी साहित्य सम्मानले सम्मानित गर्ने अवसर जुरेको छ ।

- अन्त्यमा छोटो समयमा रचना उपलब्ध गराउनुहुने स्रष्टा महानुभावहरूलाई हार्दिक आभार प्रकट गर्छौं । आगामी दिनमा पनि पाठक, स्रष्टाहरूको सहयोग पाइरहनेमा आशावादी रहँदै १९८ औं जन्मजयन्तीका अवसरमा आदिकवि भानुभक्त आचार्यप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

---

'मितेरी' मा प्रकाशित रचनाको जिम्मेवारी स्वयम् लेखक, सर्जकहरूमा रहने कुरा सूचित गरिन्छ ।

## विषयसूची


- प्रभा भट्टराई (आचार्य)
  भानुको सम्झनामा/५
- मञ्जु जोशी
  आदिकविको सङ्क्षिप्त जीवनी/६
- डा. तुलसी भट्टराई
  राजदूतावासमा साहित्य महोत्सव/१३
- बूँद राना
  गजल/१८
- डा. बेञ्जु शर्मा
  म दूबो/१९
- चन्द्रकला नेवार
  डुब्यो कविता आँसुमा/२०
- प्रा. डा. सुषमा आचार्य
  विश्वास गर/२१
- भुवनहरि सिग्देल
  मैले हिमाल हेरें/२३
- मंजु काँचुली
  चाहना/२४
- रामबहादुर पहाडी
  गजल/२४
- रामप्रसाद पन्त
  राम-राजाराम ! छन् कि छैनन् भगवान् ?/२५
- ठाकुर शर्मा
  आमा/३२
- हरिप्रसाद पाण्डेय
  गहना/३३
- महेन्द्र गुरुङ्ग
  यस्तो पर्न सक्छ तर सके नपरोस्/३९
- मणिराज सिंह
  ल्याप्चे र नाक/४४

- **कमला रिसाल 'ज्योति'**
  बहिनी/४५
- **धनराज गिरी**
  गजल/४६
- **मित्रसेन दाहाल**
  चिन्तामुक्त र सुखी जीवन/४७
- **पद्मा अर्याल**
  गजल/४९
- **चन्द्रप्रसाद न्यौपाने**
  अस्तित्वको युद्धमा/५०
- **ललिता 'दोषी'**
  हावा/५२
- **शिवानी घिमिरे**
  जिज्ञासा/५३
- **कृष्ण बाउसे**
  दुवै समान छौ मेरा लागि/५५
- **राजनविक्रम थापा**
  गीत/५६
- **शान्ति रिसाल**
  सोच/५७
- **गङ्गा पौडेल**
  नियम कडा छ/५९
- **सुधा भट्टराई**
  मन/६०
- **राधिका पन्त**
  स्मृति/६१
- **विजयध्वज थापा**
  झेली खेल/६२
- **शर्मिला खड्का (दाहाल)**
  जीवनको परिवृत्तमा/६३
- **पुष्पा खनाल**
  भानुभक्त/६७

कविता

# भानुको सम्झनामा

♦ प्रभा भट्टराई (आचार्य)

दर्कन्थ्यो नभबाट बादल, यहाँ सङ्गीत रोकिन्नथ्यो
धर्तीमा सुकुमार सन्ततिहरू खेल्थे असारे हिलो ।
चम्कन्थ्यो बिजुली निमेषभरमै झल्का दिँदै ज्योतिको
हाँसे भानु मुसुक्क पूर्वदिशामा भाग्यो अँध्यारो बरो ।

बेला त्यो श्रमको, कथा सृजनको, संयोग नौलो भयो
साँच्चै सिर्जनशील यो समयमा, कर्मी नयाँ जन्मियो ।
के ले खोल्न सक्यो नवीन शिशुको मुट्ठी भरी के थियो ?
त्यो तोतेस्वर भित्रको रहरिलो झङ्कार कस्ले बुझ्यो ?

आली ताछ्न छिटो गरेर उसले जोतेछ भाषा-गह्रो
कर्मी त्यो कटिबद्ध भै कलममा बाँधेछ दाँदे-हलो ।
सिच्यो उर्वर भावना नव त्यहाँ क्या दब्दबे भो हिलो
नाच्यो छम्छम काव्यको बिउ जसै रोपाइँ नौलो भयो ।

त्यो हेर्दा अरूझैं थियो, श्रममुखी पक्का गृहस्थी थियो
त्यो बुझ्दा अरूबाट भिन्न तपसी, सङ्कल्प अर्कै थियो
सीताराम भजेर जीवनभरी उद्योग साँच्चै गऱ्यो
कोटी सन्ततिका निमित्त उसले सम्पत्ति जम्मा गऱ्यो ।

लामखुट्टे, उपियाँ अनेकसँगमा दर्जा कलाकारको
को सक्थ्यो दिन, पोख्दथ्यो र कसले झन् व्यङ्ग्य उद्गार त्यो ?
बोलीमै कविता र छन्द उसको आवाजको नै बन्दथ्यो
साँच्चै भानु निमित्त काव्यमय यो संसार भिन्नै थियो ।

ताहाचल, काठमाडौं

●●●

जीवनी

# आदिकविको सङ्क्षिप्त जीवनी

♦ मन्जु जोशी

नेपाली साहित्यको भक्तिधारा अन्तर्गत रामभक्ति धाराका चम्किला नक्षत्र भानुभक्तको जन्म वि.सं. १८७१ आषाढ २९ गते आइतबारका दिन पश्चिम नेपालको चुँदीरम्घा भन्ने गाउँमा भएको हो। उनी पवित्र ब्राह्मण कुलका धुरन्धर विद्वान् श्रीकृष्ण आचार्यका छ जना छोराहरूमध्ये जेठा छोरा धनञ्जय आचार्य तथा बुहारी धर्मावतीदेवी आचार्यका एकमात्र पुत्ररत्न हुन्।

भानुभक्तको बाल्यकालको नाम देवीभक्त थियो। बुवा धनञ्जय आचार्य सरकारी सेवातर्फ लागि पाल्पा तहसिल अड्डाका हाकिम खरिदार पदमा नियुक्त भएपछि पाल्पामै बस्नु पऱ्यो तसर्थ भानुभक्तले विद्वान् हजुरबुवा श्रीकृष्ण आचार्यसँगै आफ्नो शिक्षादीक्षा लिने सौभाग्य पाए। उनी आफ्ना हजुरबुवा श्रीकृष्ण आचार्यका प्रिय पात्र थिए। उनी सम्पन्न परिवारमा जन्मेका हुनाले आर्थिक पक्षबाट उनलाई कुनै समस्या भएन। आफ्ना हजुरबुवासँग संस्कृत साहित्य, व्याकरणका साथै ज्योतिष शास्त्रको पनि अध्ययन गरे। पुराण भन्न सक्ने तथा चिनाटिपन बनाउन जान्ने हुनु नै त्यति बेलाका ब्राह्मण कुमारहरूको शिक्षाको साधारण उद्देश्य थियो। भानुभक्तलाई आफ्ना हजुरबुवासँग बस्दा पढेको कुरो छिट्टै आउँथ्यो। एकचोटी पढेको कुरा उनी कहिल्यै बिर्सदैनं थिए। १२ वर्षको उमेरमा जन्मपत्रको बारेमा बुझ्ने भइसकेका भानुभक्त एक मेधावी र लगनशील बालक थिए। प्रायःजसो समर्थवान् आस्तिक नेपालीहरू 'काश्यांमरणान् मुक्तिः' यस नीतिवाक्यलाई ठूलो मान्यता दिने परम्पराअनुसार श्रीकृष्ण आचार्य उत्तरार्द्ध काललाई काशी कल्पवासमा व्यतीत गर्न भनेर जाँदा आफ्नो प्रिय नातिले काशीका विद्वान्हरूबाट उच्च शिक्षा हासिल गर्ने अवसर पाओस् भन्ने विचारले उनलाई साथैमा लिएर गएका थिए। दुई वर्षसम्म काशीमा रहँदा भानुभक्तले काशीमा विद्वान्हरूबाट पनि विशेष रूपमा शिक्षा हासिल गर्ने सुवर्ण अवसर प्राप्त गरे।

काशीका कल्पवासीहरू जो कोहीले पनि जीवनको अन्तिम क्षणमा 'राम नाम' रूप तारक मन्त्र भगवान् विश्वनाथबाट प्राप्त गरी मोक्ष हुन पाउने शास्त्रको गम्भीर आशयलाई ठूलो आदर एवम् श्रद्धाका साथ मान्यता दिने गरेको त्यो अत्यन्त रहस्यमय कुराले कवि भानुभक्तका हृदयमा मर्यादापुरुष श्रीरामप्रति अथाह भक्ति उत्पन्न भएको थियो। परिणामस्वरूप आफ्ना हजुरबुवाको काशीमै देहवसानपछि आफ्नो गृहनगर

चुँदीरम्घामा आइपुगेका भानुभक्तले समस्त नेपाली नरनारीहरूलाई आदर्शपुरुष श्रीरामचन्द्र तथा सतीशिरोमणि सीता जस्तै मर्यादित एवम् सत्चरित्रका धनी तुल्याई सम्पूर्ण नेपाल अधिराज्यलाई रामराज्यसरह बनाउने विचार गरे। वि.सं. १८९१ तिर जब उनको उमेर २०/२१ वर्षको भयो तब उनको जीवनमा एउटा यस्तो प्रभाव पर्‍यो, जसले उनको कलिलो हृदयमा कविताप्रतिको प्रेम जागृत गरायो। स्वच्छ तथा शीतल हावामा घुमफिर गर्ने क्रममा एक दिन उनी थकाइ मार्न भनी नदीको किनारमा रहेको ठूलो ढुङ्गामाथि पल्टेछन्। केहीबेर थकाइ मारेपछि उनका आँखा उनको नजिकै घाँस काटिरहेको घाँसीमाथि परेछ। एकछिन घाँसीको कामलाई रमाइलो मानेर नियालिरहेका भानुभक्तले केही बेरपछि त्यस घाँसीको छेउमा गएर त्यसरी टन्टलापुर घाममा लगातार रूपले त्यति धेरै घाँस काट्नुको कारण सोधेछन्। कुराकानीकै क्रममा त्यस घाँसीले आफ्नो अल्प कमाइबाट खाईलाई बचेको पैसाले आफ्नो गाउँमा इनार खनाउने प्रबल इच्छा व्यक्त गरेछ। यसरी कुवा खनाउँदा पानी नभएको स्थानमा सबैले पानी पाएर आफ्नो तिर्खा मेटाउनाले पुण्य मिल्ने र आफू मरेपछि फलानो घाँसीले खनाएको इनार भनी नाम पनि रहने हुनाले आफू निरन्तर घाम, पानी र जाडोको पर्वाह नगरी घाँस काट्ने गरेको कुरा भानुभक्तलाई त्यस घाँसीले बेलीबिस्तार लाएछ।

घाँसीको कुराले भानुभक्तलाई निकै प्रभाव पार्‍यो। त्यसपछि आफू र घाँसीका बीच तुलना गर्दै भानुभक्तका चित्तभित्र नौलो जोश उत्पन्न भयो। घाँसी गरिब छ तर पनि उसमा यस्तो अमर रहने भावना छ। आफू भने होनहार भएर पनि केही गर्न नसकेको भनी भानुभक्त त्यसै ढुङ्गामै आफू र घाँसीका बीचको तुलनात्मक भावयुक्त यस्तो कविता लेख्न पुगेछन् :-

भर्जन्म घाँसतिर मन्दिइ धन् कमायो।
नाम् क्यै रहोस् पछि भनेर कुवा खनायो॥
घाँसी दरिद्रि घरको तर बुद्धि कस्तो।
मो भानुभक्त धनि भैकन आज यस्तो॥

मेरा इँदार नत सत्तल पाटि क्यै छन्।
जे धन् छ चीजहरू छन् घरभित्र नै छन्॥
तेस् घाँसिले कसरि आज दियेछ अर्ती।
धिक्कार हो " मकन बस्नु नराखि कीर्ति॥

तब उप्रान्त भानुभक्तले कविता लेखेर लोकको सेवा गर्ने दृढ प्रतिज्ञा गरे। संस्कृतमा लेखिएको रामायणलाई सबैले बुझ्न सकून् र पढ्न सकून् भन्ने उद्देश्यले

वाल्मीकि रामायणलाई नेपालीमा अनुवाद गर्ने विचार गरे । वि.सं. १८९८ मा उनले बालकाण्डलाई नेपालीमा उल्था गरिसके ।

१९०६ सालमा पहिलो पटक भानुभक्त काठमाडौं आए । एक जना छिमेकीसँग जग्गाको विषयमा झगडा परेको र त्यसैका सम्बन्धमा मुद्दा लड्न भनी उनी राजधानी आएका थिए । त्यस समयमा उनले काठमाडौंको बालाजी (बालाजु) को वर्णन गरी शृङ्गार रसमा यस्तो कविता लेखेका थिए :-

ञाहाँ बसेर कविता यदि गर्न पाऊँ ।
यस्‌देखि सोख अरू थोक म के चिताऊँ ॥
यस्माथि झन् असल सुन्दरि एक् नचाऊँ ।
खैंचेर इन्द्रकन स्वर्ग ञहीं बनाँऊँ ॥

यति दिन पछि मैले आज बालाजि देख्याँ ।
पृथिवितल भरीमा स्वर्ग हो जानि लेख्याँ ॥
वरिपरि लहरका झूलि बस्न्या चरा छन् ।
मधुर वचन बोली मन् लिँदा क्या सुरा छन् ॥

केही बेर बालाजीमै बसेर भानुभक्त काठमाडौंतिर लागेछन् । उनलाई काठमाडौंको मनोरम दृश्यले पनि लोभ्याएछ । चारभञ्ज्याङभित्र रहेको राजधानी र त्यहाँका अनौठा देवल, घर, धारा, पाटी, सत्तल, बजार, इनार र अनेक भाषा, चालचलनका सुन्दरीहरूको रूप, रङ्ग, रस, अलङ्कार सबै कुराबाट प्रभावित भई उनले राजधानीको वर्णन गर्दै यस्तो पाँच श्लोकको कविता लेखे :-

चपला अबलाहरू एक सुरमा ।
गुन केसरिको फुल ली शिरमा ॥
हिँड्न्या सखि लीकन ओरिपरी ।
अमरावति कान्तिपुरी नगरी ॥१॥

यति छन् भनि गन्नु कहाँ धनिञा ।
खुशि छन् मनमा बहुतै दुनिञा ॥
जनकी यसरी सुखकी सगरी ।
अलकापुरि कान्तिपुरी नगरी ॥२॥

कहिँ भोट र लन्दन चीनसरी ।
कहिँ काल्‌भरि गल्लि छ दिल्लिसरी ॥
लखनौ पटना मदारस सरी ।
अलकापुरि कान्तिपुरी नगरी ॥३॥

तलवार कटार खुंडा खुकुरी ।
पिसतोल र बन्दुक सम्म भिरी ॥
अति शूर र वीर भरी नगरी ।
छ त कुन्सरि कान्तिपुरी नगरी ॥४॥

रिस राग कपट् छल छैन जहाँ ।
नव धर्म कती छ कती छ जहाँ ॥
पशुका पति छन् रखवारि गरी ।
शिवकी पुरि कान्तिपुरी नगरी ॥५॥

माथि लेखिएका कविताहरू हेर्दा भानुभक्तमा शब्द र अर्थका ज्ञानको चमत्कार, रस र अलङ्कार तथा छन्दप्रति अपार मोह रहेको पाइन्छ । काठमाडौँमा रहँदा भानुभक्तको डेरा लगनटोलमा धर्मदत्त सुब्बा ज्योतिषीका घरमा थियो । पछि तिनै ज्योतिषीद्वारा भानुभक्तका जग्गाको झगडा छिनियो । उनले मुद्दा जिते । त्यसपछि भानुभक्त आफ्नो जन्मथलो तनहुँको रम्घा पुगेर आफ्नो जग्गाको साँध दुरुस्त पारी पुनः काठमाडौँ फर्केका थिए ।

काठमाडौँ फर्किएपछि भानुभक्तको प्रवेश दरबारतिर भयो । त्यसबेला उनले जङ्गबहादुर राणाका भाइ कृष्णबहादुरकहाँ आश्रय लिए । फलस्वरूप वि.सं. १९०७ वैशाखमा उनी जागिर पाई मधेसतिर लागे । दुई वर्ष जागिर खाइसकेपछि वि.सं. १९०९ मा उनलाई सरकारी कोषको हिनामिना गरेको आरोप लाग्यो । उनी ५ महिनासम्म थुनामा परे । थुना अवधिका पाँच महिनामध्ये चार महिनासम्म उनले रामायणको अरण्यकाण्ड, अयोध्याकाण्ड, किष्किन्धाकाण्ड तथा सुन्दरकाण्डका भाषा श्लोकहरूको रचना गरे । निरन्तर लेखन कार्यमा जुटिरहने भानुभक्त थुनामा बस्दा पनि आफ्नो कर्ममा अगाडि बढिरहे । उनी खाँदा, बस्दा, हिँड्दा र अन्य व्यवहार गर्दा समेत कवितात्मक शैलीमा प्रस्तुत हुन्थे ।

चन्द्रमाको कलङ्कजस्तै यस विश्वमा जति पनि प्रसिद्ध व्यक्तिहरू छन्, तिनीहरूका जीवन कथामा एक न एक दोष नलागीं रहँदैन । संसारमा स्वतन्त्र रहनु जत्तिको आनन्द केही रहेनछ र परतन्त्रमा रहनु जत्तिको दुःख केही रहेनछ भन्ने अनुभव आफू थुनामा रहेका बखत उनले पाए । कसैसँग बोलचाल गर्न समेत बन्देज गरिएको जेलमा दिकदार बनेका भानुभक्तले एक पटक यस्तो श्लोक लेखेर कृष्णबहादुरलाई पठाएका थिए ।

रोज् रोज् दर्शन पाउँछू चरणको ताप् छैन मनमा कच्छू ।
रात् भर्नाच् पनि हेर्छु खर्च नगरी ठूला चयनमा मच्छू ॥

लाङ्खुट्या उपिन्रा उड्स इ् संगि छन् इन्कै लहडमा बसी ।
लाङ्खुट्याहरू गाँउछन् इ उपिन्रा नाच्छन् म हेर्छु बसी ॥

यस्तो बिन्ती गरी पठाउँदा पनि भानुभक्तको आपत छुटेन । उनलाई त्यसै वर्ष आफ्नो छोरा रमानाथको व्रतबन्ध गर्नुपर्ने भयो । फेरि आफ्नो दुःख दर्द जनाई सरकारलाई पुन: बिन्तीपत्र लेखे । त्यसका केही पंक्तिहरू यस प्रकार छन् -

जागिर्छैन धनी म छैन घरको केवल कुदालो खनी ।
खान्थ्याँ दुक्ख गरेर चाकरि गऱ्यो मान् पाउँला की भनी ॥
एक् मन् चित्त लगाइ चाकरि गऱ्याँ खुसी भयाछन् हरी ।
मान्माथी पनि भुक्तमान थपिदिया कैल्यै न खोस्न्या गरी ॥

चालिस वर्ष भन्याँ म पुत्र पनि एक् मात्रै छ आठ वर्षको ।
आयो काल व्रतबन्धको नजिकमा बेला त हो हर्षको ॥
क्यारु आज पऱ्यां म ता विपतमा एक्लो अहां छूँ फगत् ।
कुन पाठ्ले व्रतबन्ध पार्गरु मफेर्मान्छू अंध्यारो जगत् ॥

गायत्री दिनु बाबुको छ अधिकार्भिक्षा दिनू माइको ।
बालख्मा पनि वेद् पढी कन सुसार्गर्नू गुरु गाईको ॥
यस्तो मुख्य बखत् छ यो अरू छ कुन् काम् पारलाई दिन्या ।
धेरै विन्ति कती गरुँ चरणमा एकै कुराले छिन्या ॥

स्वामित् आज हजुर्हरू पृथिविमा मालिक् छँदामा पनी ।
ब्राह्मणको व्रतबन्ध अड्कन तयार्देख्या र मालिक् भनी ॥
जाहीरात गऱ्यां प्रभू हजुरमा जो मर्जि होला भनी ।
कठैसित भनि मर्जि हुंछ त भन्या क्यारु सहन्छू पनी ॥

यसरी बिन्तीपत्र लेखेर पठाएपछि सरकार खुसी भएर उनलाई वि.सं. १९०९ फागुनमा थुनामुक्त गरिदियो र उनी छोराको व्रतबन्ध गर्न तनहुँ गए । छोराको व्रतबन्ध पछि वि.सं. १९१० मा पुन: भानुभक्त राजधानी फर्किए र बाँकी रहेको युद्धकाण्ड र उत्तरकाण्ड काठमाडौंमै लेखी रामायणका सातै काण्ड पूरा गरे । यसरी नेपाली साहित्यमा रामायणजस्तो ग्रन्थ पूरा गर्न भानुभक्तलाई एघार वर्षको समय लाग्यो । रामायण पूरा भयो र त्यसपछि आफूले भोगेका अनुभवहरू र अन्य स्वैरकल्पित भावहरूमा डुबेर भानुभक्तले भक्तमालाको रचना गरे । यसमा उनले सांसारिक

प्रपंचमा फसेको मानिसहरूको मनस्थिति कस्तो हुन्छ ? भन्ने कुरा देखाउन खोजेका छन् । त्यसै गरी सवाल र जवाफको माध्यमबाट सम्पूर्ण मानवलाई सच्चा मानिस बन्ने ज्ञानका कुराहरूको उल्लेख उनले प्रश्नोत्तर कवितामा गरेका छन् ।

वि.सं. १९१९ मा एक पटक काठमाडौंबाट आफ्नो गृहनगर तनहुँ जाँदा बाटोमा तारापति उपाध्याय नामक मित्रका घरमा भानुभक्त बास बसेछन् । राति त्यस घरमा सासू बुहारीका बीच परेको झगडाले भानुभक्त रातभरि निदाउन सकेनन् र एकै रातमा ३३ श्लोकको वधूशिक्षा लेखेछन् । भोलिपल्ट त्यो कविता उनीहरूलाई पढ्न दिएछन् र आफू घरतिर लागेछन् ।

अध्यात्म रामायणका सातै काण्ड लेखिएका भए तापनि रामगीता भानुभक्तको अन्तिम समयमा लेखिएको थियो । वि.सं. २०२५ मा ज्वरोले आफू सिकिस्त बिरामी परेका भानुभक्तलाई अब आफ्ना अन्तिम दिनहरू नजिक आएको आभास भयो । आफ्नै घरमा आफ्ना छोरा रमानाथलाई साथै राखी रामगीता लेख्न लगाए । सुती सुती उनी कविता भन्थे र उनका छोरा रमानाथ बुबाले भनेका कुराहरू लेखिदिन्थे । रामगीता लेखिसकेपछि ५४ वर्षको उमेरमा सन् १८६८ अर्थात् वि.सं. १९२५ आश्विन शुक्ल पञ्चमीका दिन भानुभक्त सदाका लागि संसारबाट बिदा भए ।

भानुभक्तको देहावसानपछि उनका रचनाहरू मोतीराम भट्ट (१९२३-१९५३) ले प्रकाशित गरिदिए । त्यसपछि मात्रै स्वदेश तथा विदेशमा नेपाली भाषाप्रेमीहरूका हातमा भानुभक्तका कृतिहरू पर्ने मौका मिल्यो । सबैतिर सरल, सरस र रोचक पदहरूको रचनाद्वारा ख्याति पाउने भानुभक्तको जीवनी वि.सं. १९४८ मा मोतीराम भट्टले र वि.सं. १९६९ मा शम्भुप्रसादले लेखे । त्यसपछि नेपाली साहित्य सम्मेलनले 'भानुभक्त स्मारक ग्रन्थ' निकाल्यो । उनलाई कविताको मर्म बुझी कविता लेख्ने कवि मानेर जुद्धशमशेरले 'आदिकवि' को उपाधिबाट सम्मानित गरेका थिए । हाल आएर उनको जीवनीमा आधारित चलचित्र पनि बनेको छ ।

उनका कृतिहरूको अध्ययनबाट उनी हँसिला, रसिला, ख्यालठट्टा गर्ने विनोदप्रिय प्रकृतिका थिए भन्न सकिन्छ । सबैको कल्याण होस्, सबै सप्रियून् तथा सबैको भलो होस् भन्ने बिचार बोकेका आचार्य देशप्रेमी, शान्त प्रकृतिका, दयालु तथा सबैसँग मेलमिलाप राख्ने स्वभावका थिए । भगवान्प्रति विश्वास राख्ने, मातृभाषा प्रेमी भानुभक्तले नेपाली भाषा र साहित्यलाई महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । नेपाली भाषाको अहिलेको विकसित रूपको श्रेय आदिकविमाथि नै जान्छ भन्दा दुईमत नहोला ।

हुन त नेपाली भाषामा भानुभक्तभन्दा अघि कविता लेख्ने कार्य नभएको होइन। कविहरू पनि नभएका होइनन् तर ती कविहरूका कविता प्रवृत्ति र आदिकवि भानुभक्तका कविता प्रवृत्तिमा आकाश जमिनको भिन्नता देखिन्छ। समसामयिक घटनामा आधारित रहेर कविताको मर्म बुझी छन्दोबद्ध कविता सिर्जना गर्ने प्रतिभा उनमा विद्यमान थियो तसर्थ भानुभक्त नै पहिला कवि अर्थात् आदिकविका रूपमा सर्वत्र परिचित छन्। आदिकविका बारेमा विभिन्न व्यक्ति विशेषहरूबाट प्रश्न चिह्न खडा भए पनि आदिकविका रूपमा भानुभक्त नै प्रसिद्ध छन्।

मोतीराम भट्टका अनुसार भानुभक्तका विविध कविताहरूको रचना र प्रकाशन निम्नबमोजिम भएको पाइन्छ।

१. बालकाण्डको पद्यानुवाद (रचना १८९८, प्रकाशन १९४०)
२. रामायणका अरू काण्डहरू (रचना १९१०, प्रकाशन १९४१)
३. प्रश्नोत्तर (रचना १९१०)
४. भक्तमाला (रचना १९१०)
५. वधूशिक्षा (रचना १९१९)
६. रामगीता (१९२५)
७. फुटकर रचनाहरू (विभिन्न मितिमा)

सन्दर्भग्रन्थ सूची

१) उपाध्याय केशवप्रसाद, (ते.सं. २०४९), प्राथमिककालीन कवि र काव्य प्रवृत्ति, काठमाडौं : साझा प्रकाशन।
२) ज्ञवाली सूर्यविक्रम, (सम्पा.), ते.सं. २०५२, भानुभक्तको रामायण, काठमाडौं : साझा प्रकाशन।
३) भट्ट मोतीराम (१९४८), कवि भानुभक्तको जीवन चरित्र, काठमाडौं : साझा प्रकाशन।
४) मैनाली प्रमोद (२०६१), 'नेपाली इतिहासका कोसेढुङ्गा भाग-१', भानुभक्त आचार्य, काठमाडौं : हिमालयन बुक स्टल, पृ.२०७ -२०८।

●●●

यात्रासंस्मरण

# राजदूतावासमा साहित्य महोत्सव

◆ डा. तुलसी भट्टराई

म तपाईंहरूसमक्ष एउटा कविता सुनाउँछु। जसको शीर्षक छ – सपनाको देश।

कवि विनय रावल।

२०५६ पुस १४ गते बर्माको राजधानी रङ्गुनस्थित शाही नेपाली राजदूतावासको प्राङ्गणमा एउटा भव्य साहित्य गोष्ठीको आयोजना भएको थियो। भाषा, साहित्य र संस्कृतिको चर्चासँगै भएको थियो- कविगोष्ठी। यस कार्यक्रमका निम्ति महामहिम राजदूत सच्चितशमशेर र श्रीमती आशा राणा (राजदूत दम्पत्ती) निकै सक्रिय रूपले लागेका थिए। दूतावासका द्वितीय सचिव हरिश्चन्द्र घिमिरे र सुब्बा प्रकाश अधिकारीको त केही दिन अघिदेखि फुर्सदै थिएन। अघिल्ला केही दिनदेखि धावाधावा परेको थियो। यस साहित्य संस्कृति महोत्सवलाई सफल पार्ने क्रममा उनीहरू जुटेका थिए। बर्माका विभिन्न भागमा छरिएर बसेका नेपालीहरूका प्रतिनिधि कविहरूको भेला भयो– यस उत्सवमा। प्रतियोगी र अप्रतियोगी कविहरूका साथै अन्य सहभागीहरू थिए। प्रतियोगितामा बालकृष्ण रिजाल प्रथम निस्किए। अशोक घिमिरे द्वितीय भए भने तृतीय हुनेमा क्रमशः जीवनहरि प्रधान, जगन्नाथ घिमिरे र केशवप्रसाद ज्ञवाली थिए।

राजदूत महोदयबाट पुरस्कार वितरणको कार्यक्रम सम्पन्न हुनुअघि डा. डी.बी. लिम्बु, मेजर पूर्णबहादुर तिवारी, विनय रावल, यो लेखक एवम् राजदूत महोदयबाट विभिन्न विषयमा प्रवचन सम्पन्न भयो। हरिश्चन्द्र घिमिरेको उद्घोषण र बीचबीचको सम्भाषण निकै राम्रो थियो। प्रवचन र कविगोष्ठी दुई चरणका कार्यक्रम सम्पन्न भएपछि जलपान समारोह चल्यो अनि केही घण्टा विश्रामपछि साँझ सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो।

'सांस्कृतिक कार्यक्रमको तयारी कस्तो छ राजदूत राणा जीवनहरिसँग सोद्धै थिए। राजदूतको उत्सुकता मेट्दै जीवनहरि प्रधानले जवाफ दिइरहेका थिए।

नभन्दै साँझ छ बजे सांस्कृतिक कार्यक्रम सुरु भयो। सांस्कृतिक कला मन्दिर यांगुनका अध्यक्ष जीवनहरि प्रधान, सचिव बलराम र उपाध्यक्ष मीनादेवीले निकै

मेहनत गरेका रहेछन् नेपाली कलाको जगेर्ना गर्न । जीवनहरिले सांस्कृतिक कार्यक्रम सुरु गर्ने अनुमति माग्दै कार्यक्रम प्रारम्भ गर्न थाले ।

मलाई मायाले सतायो लौ...
मलाई उमेरले लत्यायो लौ...।

गीतको क्यासेट धुनमा प्राय: सबैले ताली बजाउँदै साथ दिएका थिए । कतिपय व्यक्तिहरू गीतसँगै नाचेका थिए ।

यसरी पुस १४ गते को त्यो साँझ ज्यादै मोहक भएको थियो । नेपालबाट धेरै टाढाको साँझ । बर्माको राजधानी रंगुन यांगुनको मध्यभागस्थित शाही नेपाली राजदूतावासको प्राङ्गण । करिब तीन सय जति दर्शक र श्रोताहरू उत्सुकतासाथ सांस्कृतिक कार्यक्रमको आनन्द लिन बसेका थिए । शाही नेपाली राजदूतावासको आयोजनामा बर्मेली नेपालीहरूको भेला संयोजन भएको एउटा अनौठो र राम्रो कार्यक्रम थियो- यो ।

जीवनहरि प्रधान बडो रोचक र आकर्षक उद्घोषण गर्दै थिए- 'अब हाम्रासामु एउटा नृत्य प्रस्तुत गर्दै छन्- यांगुनकी हिरोइन अन्जु लिम्बु ।' ताली परररर.....।

एउटा लोक गीतको भाकाअनुसार अन्जु लिम्बुको राम्रो नृत्य प्रस्तुत भयो । विदेशमा अनेपाली क्षेत्रमा नेपाली नृत्य । यसरी क्रमश: अरू नृत्यहरू प्रस्तुत गरिए ।

'मेरो माया लैबरी लै लै' /'मुसुमुसु हाँसी देऊ सानी' / 'मखमली चोली चाहिँदैन' आदि गीत गुन्जनसँगै भएका ती नृत्यहरूको आनन्द लिइसकेपछि बालकृष्ण रिजालले एउटा गीत र नृत्य रमाइलो भाखामा प्रस्तुत गरे-

**एक हात थैली एक हात दाम...**
**तिहीँ तल पातलीकहाँ रक्सी खान जाम....।**

यस गीतमा दर्शकहरू समेत नाचेका थिए । कवि रिजाल गायक र नतर्कसमेत रहेछन् । बहुप्रतिभा भएका रिजालको स्वरचरनामा सङ्गीत-लय भरिएको उक्त गीतभित्रको पातली र तीनपाने रक्सीको प्रसङ्गले नेपालभित्रको पहाडी क्षेत्रको झझल्को गरायो ।

कार्यक्रम सकेपछि रिजालसँग यस गीतका बारेमा चर्चा गरें । उनी केही वर्षअघि आफ्नो जिजुबाजेको थलो खोज्दै पाँचथर भ्रमण गरेपछि पातली र तीनपानेको यथार्थ चित्रण गरेर नेपालीत्व झल्काउन यस्तो गीति रचनासँगै तीनपाने सेवनले हुने शारीरिक भावभंगीसमेतको नृत्य प्रस्तुत गर्न थालेका हुन् रे । बालकृष्णले अर्को कुरा

पनि जोडे मञ्चीनाका केही नेपाली बस्तीहरूमा नेपाली परिवेश झल्किने अरू पनि धेरै कामहरू गरेका छन्। मचीनामा चेपाउछेन भन्ने एउटा गाउँलाई लाबरबारी नेपाली नामकरण गरेका रहेछन्।

नौलो सुनौलो यो साँझमा बन्धु सबैका माझमा
ऐरावती र बागमतीको भइरहेको छ यसरी संगम।

विनय रावलजीलाई एउटा राम्रो कविता सुनाउने आग्रह गरे राजदूतजीले। त्यस्तै आशा राणाले पनि आग्रह गरिन्। राजदूत दम्पत्तीको आग्रहपछि विनयजीलाई कविता सुनाउन कर लाग्यो। सांस्कृतिक रङ्गमञ्चमा कविता वाचन राम्रो नहोला भन्दै विनयले कविता सुनाए।

जीवन हिँड्दा हिँड्दै कतै ठक्कर खान सक्छ
जीवन बस्ताबस्तै कतै मुटु चसक्क हुन सक्छ
यो जीवनको के भर, आज छ भोलि छैन
यसैले प्रिये आज मलाई तिम्रो ओठ छुन मन लाग्छ।

यसरी गीतको मोहकतालाई पनि उछिन्ने कविताको मादकताले सबै दर्शकहरू रोमाञ्चित भए। मनोरम भयो वातावरण। कवि विनयको सबैले प्रशंसा गरे। मैले विनयको कानछेउमा भनें-तिम्रो कविताले कसैकसको मन छोएजस्तो छ। विनय हाँसेका थिए।

दूतावासका मधुकर प्रधान र श्रीमती राधिका, हेमबहादुर गुरुङ, कृष्णबहादुर, श्यामबहादुर, माँताएँ र चालक माउन्टिनहरू सबै अतिथिहरूको हेरविचारमा लागेका हुन्छन्। डा. डी.बी. लिम्बु, एल.बी. लिम्बु, पदम थापा, प्रितम पाण्डे, हुतासन, हेमकुमार राई, जीवन गौतम, मेजर पूर्णबहादुर तिवारी, खेमलाल खनाल, कर्णेल टंकध्वज नेपाल, नन्दराम नेउपाने, सन्तोष बस्नेत, देवबहादुर कटुवाल, बलराम ज्ञवाली, देवीप्रसाद धिताल, भीमादेवी, मीनादेवी, दयाराम बन्जाडे, खेमराज रिजाल, प्रो. तीरादेवी, राजेन्द्र नेपाल, किशोर भारती, दीनानाथ बन्जाडे, ओमकृष्ण भट्टराई आदि उक्त समारोहमा उपस्थित केही प्रमुख व्यक्तिहरू हुन् - यहाँ नामाङ्कित।

टंकध्वज नेपाल कर्णेलसम्म बनेका नेपाली मूलका बर्मेली हुन् भन्ने परिचय पाइएको हो। नेपालले केही पुस्तक पाण्डुलिपि तयार पारेका रहेछन्। उनले हामीसँग नेपालमा प्रकाशनको व्यवस्था मिलाइदिनुपर्ने कुरा नि गरेका थिए।

त्यस दिनको समारोहमा करिब तीन सय जतिले रात्रिभोजको मोज लिएका थिए। विनय र म त्यति टाढा पुगेर पनि नेपालीहरूको बृहत् भेला र नेपाली परम्पराको भोजमा सामूहिक सहभागिता गर्न पाउँदा अत्यन्तै खुसी थियौं। वर्माका

विभिन्न क्षेत्रमा रहेका प्रतिनिधि बर्मी नेपालीसँग एकै ठाउँमा चिनापर्ची गर्न पाउँदा हामी खुसी थियौं ।

प्रेमबहादुर कटुवाल मोगोकसँग भेट भयो । उनको विशेषता रहेछ समाजसेवामा सपर्मण । पैंतालीस वर्षे कटुवाले ७५ पल्ट रक्तदान गरिसकेका रहेछन् । १०० पल्ट पुऱ्याएर मात्र छाड्ने उनको लक्ष्य छ रे । जीवन दान रक्तदान गर्ने साहसी नेपाली युवाहरूलाई त्यति टाढा पुगेर भेट्न पाउँदा साह्रै खुसी लाग्यो ।

२०५० मा ठाकुरप्रसाद गुरुगाईंले जगदम्बाश्री पुरस्कार पाएपछि बर्मेली नेपालीहरू केही चर्चामा आउन थालेका हुन् । मदन पुरस्कार गुठीबाट दिएको जगदम्बाश्री पुरस्कारले नेपाल र बर्मी नेपालीबीच पारस्पारिक सांस्कृतिक सेतुको काम गरेको छ । बालकृष्ण रिजालले भनेका थिए- यस पुरस्कारले हामीमा नेपाली हुनुको अस्तित्व चेतना जगाएको छ । यसै क्रमलाई निरन्तरता दिन बर्माबासी नेपालीहरूको भेला गराएर परस्पर सद्भाव र भ्रातृत्व जगाउन साहित्यिक, सांस्कृतिक कार्यक्रम सञ्चालन गर्ने काम राजदूतावासले प्रारम्भ गऱ्यो । २०५५मा पहिलो पल्ट आयोजित यस्तो कार्यक्रममा नेपालबाट कवि माधव घिमिरे, कवि मोहन कोइराला, कवि वैरागी काइँला र अनुसन्धानकर्ता कमल दीक्षितसमेत चार सदस्यीय टोलीको सहभागिता भएको थियो । पहिलोपल्टको यस प्रकारको कार्यक्रमबाट बर्मी नेपालीहरूमा ठूलो उत्साह जागेको देखेर त्यस परम्परालाई निरन्तरता दिन राजदूत सच्चितशमशेरमा उत्साह र हौसला बढ्यो । परिणामस्वरूप यो दोस्रो संयोजन यसरी हुन सकेको थियो ।

बर्मी नेपालीहरूलाई घचघच्याउने र उनीहरूको प्रतिभा जगाउनमा प्रेरणा दिने कामको थालनी, ठाकुर गुरागाईंलाई जगदम्बा श्री पुरस्कारको लागि वातावरण तयार पार्ने र गत वर्ष नेपालबाट चार सदस्यीय वरिष्ठ साहित्यिक टोली पुऱ्याएर बृहत् साहित्यिक, सांस्कृतिक कार्यक्रम सम्पन्न गराउनेसमेतको श्रेय दूतावासका तत्कालीन द्वितीय सचिव कवि दुर्गाबहादुर सुवेदी (दुवसु) को रहेको छ ।

दुबसुले बर्माका प्रायः नेपाली क्षेत्रहरू घुमेर त्यहाँका नेपालीहरूलाई घचघच्याउने काम गरेका रहेछन् । यस काममा सच्चितशमशेरको प्रेरणा पनि उत्तिकै रहेको छ । राजदूतावासको व्यक्ति आफैं चासो राखेर नेपाली जनजीवन खोज्दै र प्रेरणा दिँदै नेपाली प्रतिभा जगाउँदै हिँडेकाले पनि दुबसुप्रति बर्मी नेपालीहरू धेरै कृतज्ञ र आशावादी बनेका रहेछन् ।

नेपाली जनजीवनभित्र पसेर यसरी दुबसुले आफ्नो चारवर्षे कार्यकालको राम्ररी सदुपयोग गरेका रहेछन् । त्यसो त श्री दुबसुले वर्मा-मोगोकका कार्की परिवारमा

विवाह गरेर स्थायी सम्बन्ध पनि जोडेका रहेछन्। अबका दिनहरूमा पनि नेपाली दूतावासले यस सांस्कृतिक परम्परालाई निरन्तरता देओस् भन्ने चाहना बर्मेली नेपालीहरूमा रहेको पाइयो।

राजदूत सच्चितशमशेरले कार्यक्रमको स्वागत गर्दै भनेको एउटा कुराले चाहिँ हामीलाई पछिसम्म छक्क पारेको थियो। उनले ०४६ को प्रजातन्त्र पुनर्स्थापनापछिका राजदूतले पनि यस्तो भन्न सक्ता रहेछन् भनेर हामीले चर्चा गरेका थियौँ। उनले भनेका थिए–

'नेपालमा विदेशी प्रभाव धेरै बढेर राष्ट्रियता नै गुम्ने डर भएकाले राजा महेन्द्रबाट २०१७ को कदम चालिएको थियो। निर्दलीय व्यवस्था आउनुमा राष्ट्रियतामा विदेशी प्रभाव बढ्नु नै मूल कारण हो। २०४६ को जनआन्दोलनका बेला म सेना प्रमुख थिएँ। यदि चाहेको भए- पाँच दस हजार आन्दोलनकारीहरूलाई मारेर आन्दोलन दबाउन सकिन्थ्यो तर राजालाई नै यसो गर्न नहुने भनेर सम्झाएँ। यसरी मैले संयम भएर सजिलै प्रजातन्त्र ल्याउने बाटो बनाइदिएँ। यो कुरा मैले धेरै ठाउँमा भन्ने गरेको छु।' विनय र प्रजातन्त्र पुनर्स्थापनापछिका ती राजदूतको यस्तो वाणी सुनेर छक्क पर्दै केही बेर आपसमा कुराकानी गरेका थियौँ। यतिबेला ती राजदूत महोदय पनि धर्तीबाट उठिसकेका छन्।

●●●

गजल

**♦ बूँद राना**

राती-राती उदाउन खोज्छ घामले ।
कतै कुनै बाटो छ कि सोध्छ घामले ॥

किरण हो भने पनि अर्कालाई हो
रात भन्छ - मलाई त घोच्छ घामले ॥

तगारो त यै रहेछ भनी साँझमा
उसै माथि तातो झोँक पोख्छ घामले ॥

तौलिंदैन जिम्मेवारी लाभ हानीमा
खुरुखुरु आफ्नो भारी बोक्छ घामले ॥

राती-राती दिउँसको मेट्छ थकाइ
कस्तो राती उदाइन सोच्छ घामले ॥

●●●

कविता

# म दूबो

◆ डा. बेन्जु शर्मा

म दूबो
हातले चिमोटे पनि
हँसियाले निरन्तर काटिरहे पनि
खुर्पीले खुर्पिरहे पनि
जति कुल्चिए पनि, दलिए पनि
म बाँचिरहेछु
अचम्म लाग्छ !
मेरो माटोप्रतिको माया या मोह ?
चउरमा पलेँटी कसेर
प्लेनमा विदेसिनेहरूलाई टुलुटुलु हेरिरहेछु
किन म यो देश छोड्न सक्दिनँ ?
कस्तो यो माटोसँगको मोह
पेटभित्रको शिशुले
आमालाई च्यापे जस्तो
छाला र मासु
एक भई मिलेजस्तो
कुनै सम्बरमूर्तिमा एकबद्ध दुई शरीर जस्तो
चुम्बकले समातेको फलाम जस्तो
यो कस्तो माटोसँगको मोह मेरो ?
किन मुक्त हुन सक्तिनँ म ?
शरीरलाई छोडेर, आत्मा फुत्किए जस्तो
महीलाई छोडेर, मक्खन उत्रिए जस्तो
प्लेटफर्मलाई छाडेर रेल सुँइकिए जस्तो
जमिनलाई छोडेर प्लेन हुँइकिए जस्तो
म दूबो
थुप्रै पाखुराका माटाका अँठ्याइमा छु
बन्दीगृहको फलामे डन्डीभित्र बन्धित छु
परिवारको पकडमा परेको घरमूली भएको छु।
उम्कनै नसक्ने, फुत्कनै नसक्ने
कहिले स्वेच्छाले, कहिले अनिच्छाले
म यो माटोलाई च्यापिरहेछु
माटोले मलाई च्यापिरहेछ।

●●●

कविता

# डुब्यो कविता आँसुमा

◆ चन्द्रकला नेवार

आँसु थियो कविता थियो
भोलि उघ्रने दिनको आवृत्ति जस्तै
बिहान झुल्कने घामसित
पदचाप गाँस्नु थियो
आँसु थियो/कविता थियो
भोलि उघ्रने दिनको आवृत्ति जस्तै ।

उज्याला बालीहरूमा विपनाको बिरुवा रोप्नु थियो
एउटा सपना थियो अमृत....
निरीह मानवताको आँगनलाई
कोमल ज्योत्स्ना छटाले सजाउन
मुस्कानका परिभाषाहरू गाँस्न
जीवनका अनुभूतिहरू सँगाल्न
घामका आँखाहरू उघार्नु थियो
अस्पष्ट बाटाघाटा ठम्याउन ?
जून तारा टाढा कहाँ थिए र......?
तिम्रो – मेरो आँगनमा नै थिए ।
स्पन्दन थियो
धुक्धुकी थियो
छन्द थियो
रहर थियो/सपनाहरू थिए
मुसा र बिरालाको खेलमा
यसरी भुल्यो–
मुटुको ठेगानामा साँझको हातले
रात लेखिदियो ......!!
आकाश जस्तो अस्तित्व
बिन्दुमा रूपान्तरित भयो
कवितामा आँसु थियो
आँसुमा कवितामा डुब्यो ।

●●●

कविता

# विश्वास गर

◆ प्रा. डा. सुषमा आचार्य

अनगिन्ती चाहनाले आजकाल मानिसहरूमा
बढ्दै गएको मूर्खताको पीडालाई
अहंकारले ढाकछोप गरी मूर्छित बनाइँदै छ
रित्तो र गंगटो मानसिकताको साम्राज्यले
उदार र समझदार व्यक्तित्वलाई
सिकार बनाइँदै छ
सच्चाइ बोकेका निर्मल मनमाथि
आफ्ना कुकृत्य लुकाउने प्रयासमा
कठोर अभिव्यक्तिको सहारा लिई
झूठो आश्वासनको शक्तिले
चाप्लुसीको आहार बाँड्न खोजिँदै छ
अपमानको पीडाले घाउ बल्झाइ
प्रेमभन्दा ठूलो विश्वास र
गुलाफरूपी मुस्कानलाई त्रसित बनाई भष्म पारिँदै छ।

सुख दुःखको पत्रैपत्रले भरिएको
सुगन्धित अवचेतन बगैँचामा
विभिन्न विषादी छरी प्रदूषित बनाइँदै छ।
ज्ञान, बुद्धि र विवेकका स्रोत
सफल मानवीय व्यक्तित्वलाई
पाखा लगाउँदै निराश बनाई
नेटो कटाइँदै छ।
के सधैँ यस्तै हुन्छ र ?
हाँगा छिमल्दैमा जरा मासिन्छ र ?
टाढाको माया झन् गाढा हुन्छ होइन र ?
आमाको काख अरूको लाखसँग

तुलना हुन सक्छ र ?
बोलीको तिक्तता र विश्वासको रिक्तताले
देशमा हुर्किँदै गएको सङ्कट र स्वार्थी वृक्षहरू
ढल्न समय लाग्छ र ?
भीर पाखा, कुना कन्दरामा भए पनि
माहुरीको गोलो खनिएमा
के सहिसक्नु हुन्छ र ?
जीर्ण, विदीर्ण आमाको शरीर देख्दा
कुन सन्तानको आँखामा
आँसु थामिन्छ र ?
विश्वास गर -
भौतिकभन्दा मानसिक उपस्थिति शक्तिशाली हुन्छ
भौतिकभन्दा
मानसिक उपस्थिति बलवान् हुन्छ ।

●●●

# मैले हिमाल हेरें

◆ भुवनहरि सिग्देल

मैले हिमाल हेरें पग्ली खसी रहेछ
माटो भुलेर छोरो खाडी पसी रहेछ
मैले हिमाल हेरें.....

बाँझै छ खेतबारी दूबो बढी रहेछ
पैसा कमाऊ पैसा हावा चली रहेछ
आमा मरिन् मरिन् रे बाबा बिते नसोध
कोही अवश्य मेरो खाल्टो खनी रहेछ
मैले हिमाल हेरें....

सारी सधैं सिमाना बैरी पसी रहेछ
हे वीर ! चेतनामा खिया बसी रहेछ
सम्झी कथा पुराना आँसु खसी रहेछ
त्यै गीत गुन्गुनाई घाँटी बसी रहेछ
मैले गुन्गुनाई घाँटी बसी रहेछ
मैले हिमाल हेरें....

हावा हुरी म खप्यौं ढुङ्गो बनाइदेओ
भन्लान् कठै ! छँटायो बुङ्गो बनाइदेओ
यो दुर्दशा नहेरूँ आफ्नै गई मलामी
के गर्व गर्नु मैले उल्टो सुनी सलामी
मैले हिमाल हेरें..... ।

●●●

कविता

## चाहना

♦ मंजु काँचुली

तरेली फैलिएका डाँडाका आँखाहरू
दृष्टि अग्लिँदै छ पर क्षितिजसम्म
बल्ल आरामले पल्टिएका सुन्दर फाँटहरूमा
झलझल हिमाल हुँदै ओर्लिएको उज्यालो
जून ताराको
झलमल सहरसम्म
परिवर्तनको आकृति कल्पँदै
पर्खी बस्नू है भदौ १४ सम्म ।

●●●

गजल

♦ रामबहादुर पहाडी

लागेर प्यास खोली झर्ने विचारमा छु
थापेर आल तिमीलाई हेर्ने विचारमा छु ।

हिँड्छ्यौ लुकी कति दिन देखौली यसपालि
सिउँदोमा तिम्रो सिन्दूर छर्ने विचारमा छु ।

हृदयभित्र तिम्रो कोरी विचित्र चित्र
अङ्ग प्रत्यङ्ग रङ्ग भर्ने विचारमा छु ।

देखेर रूप तिम्रो लाउँछन् सबैले आँखा
तिम्रो कडा सुरक्षा गर्ने विचारमा छु ।

तिमीलाई छ देशको माया मलाई पनि त्यस्तै
तिम्रै अगाडि जिउने मर्ने विचारमा छु ।

हात्तीगौंडा, काठमाडौं

●●●

# राम-राजाराम ! छन् कि छैनन् भगवान् ?

◆ रामप्रसाद पन्त

"तपाईं त नियात्राकार ! जानैपर्छ तपाईं त । तपाईंसँग यात्रा गर्ने अवसर पनि यसअघि कहिल्यै जुटेको छैन मलाई । आफ्नै जिल्लामा हुन लागेको महोत्सव ! गाउँ ठाउँ घुम्न रमाइलै हुन्छ । दुई/तीन जना आएमा केही फरक पर्दैन, हामी व्यवस्था गरिहाल्छौं भनेका छन् आयोजकले । दुर्गा सर र ठाकुर सरसँग पनि कुरा गरौं । चार जना भए भन् रमाइलो हुन्छ । उहाँहरू जान सक्नुहुन्न भने हामी दुई जना मात्र भए पनि जाऔं ।"

रामप्रसाद ज्ञवालीजीका कुरा मनासिबै थिए । त्यस दिन उहाँको मोटरसाइकल पछाडि बस्ने मौका नमिलेको भए सायद यी सबै कुरा हुन्थे/हुन्थेनन् थाहा छैन । उहाँ अरू कसैलाई लिएर जानुहुन्थ्यो वा एक्लै जानुहुन्थ्यो र कार्यपत्र पढेर फर्कनुहुन्थ्यो । तर 'तपाईं त नियात्राकार' शब्दले मलाई छोइहाल्यो र भलक्क सम्भना भयो रेसुङ्गाको पनि ।

गुल्मी महोत्सवले पश्चिमाञ्चल स्तरीय साहित्यिक गोष्ठी सञ्चालन गरिसकेपछि साहित्यकारहरूलाई रेसुङ्गा चढाउने कार्यक्रम पनि त राखिएको होला ! पन्ध्र वर्षको उमेरमा आमाको साथ लागेर चढेको रेसुङ्गाका दृश्यहरू अहिले स्मृतिपटलबाट बाहिरिइसके । घनाजङ्गलको त्यो गोरेटो बाटो हुँदै उक्लेर एउटा पुरानो पोखरीमा नुहाएको धमिलो सम्भना छ । अब जान पाए बाउन्न वर्षपछिको परिवर्तन देख्न पाइन्थ्यो र लेख्न पाइन्थ्यो देखेभोगेका कुराहरू ।

सम्भँदै थिएँ– शशि पन्थीलाई । अरूले नसम्भे पनि शशिजीले त सम्भनुपर्थ्यो । 'हाम्रो पुरुषार्थ' का लागि लेख-रचना मागिरहने र काठमाडौं आएका बेला सम्भव भए भेट्ने र सो सम्भव नभए फोन गर्न नभुल्ने शशिजीले यति ठूलो क्षत्रीयस्तरको साहित्य सम्मेलन हुँदा पनि किन बिर्से मेरो नाम ?

बडो द्विविधामा थिएँ म । ज्ञवालीजीको प्रस्तावमा पनि समर्थन जनाउन सकिरहेको थिइनँ । मन खुम्चिन खोज्दै थियो मेरो । अरू दुई/तीन जना ल्याएहुन्छ भनेका छन् भने जोसुकै लगे पनि त भयो । म नै जानुपर्ने के छ र !

मनमा खिन्नता र नजानिँदो अपमानबोध हुँदाहुँदै पनि मैले बेलुका ठाकुर शर्मा र डा. दुर्गा अर्यालजलाई फोन गरें । दुवै जना इच्छुक देखिनुभयो । त्यसपछि त मेरो पनि द्विविधा मेटियो । मैले मानापमानका कुराहरू भुलें र एउटै दृष्टिकोण बनाएँ– जिल्ला मेरो हो, यात्रा मेरो हो, महोत्सव मेरो हो, पवित्र तपोभूमि रेसुङ्गा मेरो हो र त्यहाँबाट प्राप्त हुने अनुभव र अनुभूतिहरू मेरा हुन् ।

तर प्रस्थान गर्नु दुई दिनअघि डा. दुर्गाले असमर्थता व्यक्त गर्नुभयो। उहाँलाई मात्र गाउँको माया लागेर के गर्ने ! छोराको भविष्यको प्रश्न ! के दिन्छ त्यो छाडिसकेको गाउँले ! अब त भिसाले पो जिन्दगी दिन्छ त ! छोराको भिसा लागेछ, त्यसै बेला बेलायतको। अनि त दौडनुपऱ्यो छोराको पछि लागेर दूतावास। कति लामो प्रतीक्षा, त्यसै गुमाउन भयो र ?

यात्रा रमाइलो हुन्थ्यो, डा. दुर्गा पनि सँगै भइदिएको भए। सोचेअनुसार खोजेर कहाँ मिल्छ र ! रामप्रसाद ज्ञवालीको अगुवाइमा जाने भयौँ – ठाकुर शर्मा र म।

अठ्सट्ठी सालको पहिलो महिना, आठ गते बिहान छ बजे कलङ्की पुग्नुपर्ने छ हामी। त्यहाँसम्मका लागि ठाकुर सरले आफ्नो निजी मोटर उपलब्ध गराउनुहुने भएको छ। उहाँ समयको पक्का। छोराको सहयोगमा पाँचै बजे मोटर लिएर आउनु भयो धुम्बाराहीबाट चाबहिल चोक। पाँच मिनट कुराएहूँला मैले तर सुकेधारामा कुराउनुभयो रामप्रसाद ज्ञवालीले बीस मिनेट।

फाइदा ठाकुर सरलाई पनि भयो। एउटा स्वीटरको भरमा आएका शर्माले मेरो ज्याकेट स्वीटर र कोटसमेत देखेपछि लिन पठाउनुभयो कोट छोरालाई। फाइदा सँगसँगै बेफाइदा पनि भयो अलिकति। ज्ञवालीजीको कुराइमा रहेका हामीहरू अब मोटरको कुराइमा पऱ्यौँ। ज्ञवालीजी आउनुभयो तर मोटर आएन।

त्यसैबेला फोन आयो माइक्रोमालिकको। 'कहाँ हुनुहुन्छ तपाईंहरू ? आइहाल्नुपऱ्यो।'

पौन छ बजे आइपुग्यो मोटर। आधा घण्टामा पुग्यौं कलङ्की।

यात्रुले ढिला गऱ्यो भने बसवालाले छाडेर हिंडे पनि हुन्छ, तर बसवालाले ढिला गऱ्यो भने यात्रुले जतिसुकै ढिला भएं पनि पर्खनुपर्छ। हतारंहतार गरी सवां छ बजे पुगेका हामीहरू अर्को आधा घण्टा पर्खियौं अर्थात् पौनेसातमा मात्र हिंड्यो माइक्रोबस।

तर फुच्चे भए पनि जीरे खुर्सानी रहेछ माइक्रोचालक। द्रुतगतिमा तर सावधानीपूर्वक चलायो माइक्रो र धार्के पुऱ्याएर एउटा होटल अगाडि अड्यायो। नाम थियो-धिमिरे खाजा घर।

सेल खान मन पराउनुहुँदो रहेछ ज्ञवाली सर र चना खान मन पराउनुहुँदो रहेछ ठाकुर सर। म दुवै चिज खान डराएँ र तेस्रो चिजमा आँखा गाडेँ–आलु तर रातै छ आलु पनि। कति खुर्सानी हालेको होला ! ठाकुर सरले त पानीले पखालेर चना खानुभयो, मैले कसरी पखालूँ आलु ?

खीर खाने कि भन्ने कुरा पनि उठेको हो तर त्यो खीरको नाममा बासी दूधभात खान मन लागेन मलाई र आलुतर्फ नै ध्यानाकर्षण गरेँ।

सोधेँ – कत्तिको पीरो छ ?

ठीकै छ, धेरै पीरो पनि होइन, नभएकै पनि होइन।

बोल्नेको अनुहार हेरें, न पुरुष न नारी। खोई के हो कुन्नि ! अन्ततः नारी नै हो कि भन्ने ठहर गरें। बोली पनि नरनारी मिश्रित तर रुखो। रूप बिल्कुलै विद्रुप। ठिङ्ग उभ्याइएको हाकुचा वा सिखो बाँसजस्तो उसको हातमा एक प्लेट आलुको तरकारी थियो।

मैले सोधें – 'एउटा टुक्रा चाखूँ है त !'

'हुन्छ'– उसले भनी।

जिब्रोले छुनेबित्तिकै हाउहाउ गर्न थालें म र खान नसक्ने बताएँ। बेस्सरी रिसाई त्यो रूप-रसविहीन सिखो स्तम्भ। भनी – 'खाइसकेपछि खान्न भनेर हुन्छ ?'

ज्ञवाली सर बोलिहाल्नुभयो – 'तपाईलाई पैसा चाहिएको हो, दिउँला। नखान त पाइन्छ नि !'

त्यसपछि ऊ नबोलेर फर्की।

ज्ञवाली सरकै जोडले मैले एउटा सेल खाने निर्णय गरें। सेल आयो टेबुलमा।

चपाउँदै गएँ, एउटा डल्लो वस्तु टोक्यो दाँतले। ओकलिहालें टेबुलमा। मकैको दाना रहेछ।

ज्ञवाली सरले प्रस्ताव राखिहाल्नुभयो – अब नियात्राको शीर्षक रहने भयो – 'सेलभित्र मकैको दाना।'

हामी हाँस्यौ बेस्सरी।

तर बाँकी सेल फालिनँ मैले। यसर्थ कि मकै नखाने वस्तु थिएन।

खाजापछि मेरिन्डा किन्नुभयो ठाकुर सरले। मैले भने मेरिन्डाको बदला स्प्राइट लिएँ। मैले त्यसभित्रको पानी कस्तो छ ठीक वा बेठीक बुझेर बदलेको थिइनँ। सिसा फोहोर भएर मात्र बदलेको थिएँ तर पर्न गएछ त्यस्तै। मैले स्पष्टै देखें–साथीहरूले खाइरहेको बोतलको पिँधमा लेदो जमेको थियो। ठाकुर सरले भन्नुभयो – अब पन्त सरको यात्राको शीर्षक बदलिने भयो 'मेरिन्डाको लेदो।'

त्यसपछि माइक्रो गुड्यो पूर्वतिर तर चालक फेरियो। माइक्रो मालिक म हुँ भन्ने रमेश मरासिनीले समातेछन् अहिले स्टेरिङ तर यसअघिका चालकको चाल पछ्याउन सकेनन् उनले। तथापि त्यस माइक्रोलाई उछिन्न सक्ने कुनै माइको लाल भने देखिएको थिएन हाम्रो दृष्टिमा।

सूर्यको ताप बढ्दै जाँदा र तराई उन्मुख हुँदै जाँदा हामीलाई पनि गर्मीको महसुस हुन थाल्यो। ज्ञवालीजी र मेरो ज्याकेट हल्का भएकोले हामीले फुकालेनौं तर ठाकुर सरको स्वीटरमाथिको कोट घाँडो भयो। व्यर्थै फर्कीफर्की ल्याएँछु भनेर पछुताउन थाल्नुभयो। ब्यागमा अट्ने सम्भावना पनि देखिएन। त्यसै बेला ज्ञवाली सरले भन्नुभयो – फुकाल्नोस् मेरो ब्यागमा अटाउन हाल्छु।

अटाउन त हाल्नुभयो तर गुन्दुक खाँदिजस्तो गरी ।

ज्ञवाली सर मौकामा बोल्न चुक्नुभएन । भन्नुभयो – पन्त सरको यात्राको शीर्षक फेरि बदलिने भयो – 'कोटलाई पेटीकोट बनाएको त्यो यात्रा ।'

त्यस बेला हामी मात्र होइन, सुन्ने अरू यात्रुहरू पनि हाँसे गललल ।

दाउन्ने पुगेर गुल्मेली होटलमा खाना खायौँ हामीले ।

त्यस राजमार्ग (लोकमार्ग भन्नुपर्ने हो क्यारे !) मा दाउन्नेको भात तुलनात्मक रूपमा राम्रो मानिँदो रहेछ । हामीलाई पनि राम्रै लाग्यो । साग र भात अलि बढी नै खायौँ हामीले ।

सोच्दै थिएँ – दाउन्ने देवीको दर्शन गर्न निस्कौँ कि जङ्गलतिर ! तर त्यहाँ गएर आउने आधा घण्टाको समय थिएन हामीसँग । चर्चा गर्‍यौँ हामीले, नेपालले पाएको प्राकृतिक सौन्दर्यको । प्रकृतिको अनुपम उपहार पाएका छौँ हामीले, तर बाँदरको हातमा नरिवल भयो हामीलाई । अलिकति बुद्धि र अलिकति बल लगाएर, नरिवलको काठ (आवरण) फालेर भित्रको असली स्वाद लिने आँट गरेनौँ । हाम्रो चाला देखेर हाँस्छन् विदेशीहरू ।

त्यही सौन्दर्यमा रमाउँदै थियौँ हामीहरू । भित्री मधेशको त्यस बीचमा उम्रिएको पहाड र सौन्दर्यपूर्ण हरियाली, शीतल हावा, विनाप्रशोधन घटघटी खान सकिने मीठो पानी ।

बसूँबसूँ त लागेको हो तर यात्राको उद्देश्यलाई पनि त भुल्नु भएन । कहाँ छोड्छ र माइक्रोले पनि आफ्नो लक्ष्य ! फेरि म मात्रै छु र ! हामी तीन जनामात्रै छौँ र ! व्यक्तिले जे चाह्यो त्यहीँ हुन सक्छ र ?

माइक्रो पुनः गतिमान् भयो वर्दघाट हुँदै बुटवलतिर र तेर्सियो तिनाउ नदीको तीरैतीर तानसेन ताकेर ।

आशा पलाउँदै छ अलिकति कुइरेभीर देखेर । गरेका त हौँ नि साहस ! गर्न सक्ने आँट नभएको पनि त होइन हामीमा । कसले सोचेको थियो कुइरेभीरमा मोटरबाटो बन्छ र तानसेन पुग्छ भनेर ? तर पुग्यो तम्घास पनि र अरू कहाँ कहाँसम्म पुग्ने हो थाहा छैन । यस्तै साहसिक काम गरे त बन्थ्यो नेपाल ।

हामीसँगै त्यस माइक्रोबसमा यात्रा गर्ने अरू कोको थिए ? र कस्ताकस्ता थिए ? त्यो उल्लेख गर्न भ्याएको छैन मैले ।

एउटा गायक टोली पनि थियो हामी चढेको माइक्रोमा ।

ती थिए 'तीतो सत्य' शृङ्खलाका राजाराम उर्फ आरपी भट्टराई, रेश्मा सुनुवार र शिला आले । उनीहरूले गरेका ठट्टाले यात्रा अझ रोमाञ्चक बनेको थियो तर उनीहरूले गीत गाएनन् । प्रसङ्गवश बोलेका डाइलगभन्दा अतिरिक्त डाइलग पनि बोलेनन् । टेलिशृङ्खलासँग सम्बद्ध एउटा डाइलग बोल्नका लागि मैले भट्टराईसँग

अनुरोध गरेको थिएँ तर उनले कलालाई सस्तो नबनाउन अनुरोध गरे र भने – एउटा गीत गाएवापत म आठ सय पाउँछु, अहिलेको लागि पचास प्रतिशत कन्सेसन गरेर चार सय दिनुहुन्छ भने डाइलग या गीत जे भन्नुहुन्छ गाउन/सुनाउन सक्छु ।

उनले कलाको साँच्चै नै सम्मान गरेका हुन् कि अभिमान गरेका हुन् मैले छुट्याउन सकिनँ । उनले कुनै डाइलग पनि बोलेनन् र गीत पनि गाएनन् । भने– 'हामी सबै भत्तावाल रहेछौँ । भत्ता खाएरै गाउँला र तपाईंहरूको साहित्य पनि सुनौँला ।'

यात्रामा खासगरी भट्टराईको हास्य र ज्ञवालीको साहित्यिक विमर्शले प्रमुख स्थान पाएको थियो । भट्टराईलाई साथ दिने दुई गायिकाहरू थिए भने ज्ञवालीजीलाई साथ दिने ठाकुर सर र म थियौँ । यात्रा सुखद बनिरहेको थियो ।

कुरैकुरामा एक पटक ज्ञवाली सरले भन्नुभयो – 'कोर्सका किताब लेख्ने काम, कार्यक्रमहरूमा पुस्तकबारे बोलिदिने काम र भूमिका लेखिदिने कामले मेरो समय बर्बाद भयो । साहित्य सिर्जना गर्ने समय नै पाइनँ ।

ठाकुर सरले समाइहाल्नुभयो – 'समय बरबाद भयो भन्न कहाँ पाइन्छ ? त्यहाँ पनि समयको सदुपयोग नै भइरहेको छ नि ! भनेजस्ता किताब विद्यार्थीले पढ्न पाउनु र नवोदित साहित्यकारहरूले प्रोत्साहन पाउनु कम महत्त्वपूर्ण कुरा हो र !

ज्ञवाली सरले महसुस गर्नुभयो, ठाकुर सरका कुरा ।

उहाँहरू वर्तमान साहित्यिक सन्दर्भलाई पनि कोट्याउँदै हुनुहुन्थ्यो । शैक्षिक गतिविधिहरूलाई पनि औँल्याउँदै हुनुहुन्थ्यो । म पनि साथ दिन्थेँ बेलाबखत तर मेरा आँखा वाह्य परिदृष्यहरूमा तल्लीन थिए, मेरो मन गीत/सङ्गीतमा रङ्गिएको थियो । बजिरहेका लोकदोहोरी गीतहरू मनोरञ्जक र घतलाग्दा अनुभूत हुँदै थिए ।

**युवक –**
**भकारीमा धान छ**
**पछि कसले लान्छ ?**
**बेलैमा होस् गर**
**जोवन त्यसै जान्छ ।**

**युवती–**
**भकारीमा धान छ**
**जसले लान्छ लान्छ**
**तिमीलाई के खाँचो**
**गए जोवन जान्छ ।**

रिडीबाट उकालो लागेपछि कुन्नि कताबाट एउटा प्रसङ्ग उठ्यो । ज्ञवाली सरले ईश्वरको अस्तित्वबारे चर्चा गर्नुभयो – 'अरू प्राणीलाई ईश्वर नचाहिने, मान्छेलाई मात्र ईश्वर किन चाहिएको होला ? आफूलाई खान पर्‍यो र स्वार्थसिद्ध गर्न पर्‍यो भने मानिसहरू हुँदै नभएको ईश्वरको अस्तित्व खडा गर्छन् र ईश्वरको नाममा हसुर्छन् । कति स्वार्थी प्राणी हो मानिस ? मनोरञ्जन, स्वार्थ र उदरपूर्तिका लागि मान्छेले मान्छे भन्न पनि छाडिसक्यो । खै त्यो ईश्वर कहाँ छ ? भए त देखा पर्नुपर्ने हो र अपराधीलाई दण्ड दिनुपर्ने हो । हुँदै नभएको कुरालाई अस्तित्वमा ल्याएर स्वार्थसिद्ध गर्ने कति धूर्त प्राणी हो मानिस !'

संस्कृत–साहित्य अध्ययन गरेको र नेपाली संस्कृति र संस्कारमा हुर्केको एउटा सनातन हिन्दू धर्मावलम्बीले ईश्वरमाथि शङ्का गर्दा मलाई पनि बोलूँ बोलूँ लागेको थियो। यही कुरा अगाडिपट्टि बस्ने भट्टराई भाइले पनि चुपचाप सुनेका रहेछन्।

भनिहाले – 'धेरै बेरदेखि मैले सरको कुरा सुनिरहेको छु। अरू कुरामा त्यति विज्ञ नभएकोले म बहस गर्न चाहन्नँ तर जब ईश्वरमाथि शङ्का उठ्यो, मेरो मन थामिसक्नु भएन र बोल्नुपऱ्यो। सर ! तपाईंजस्तो साहित्यको धुरन्धर विद्वान् र प्राध्यापक जस्तो मान्छेले ईश्वरमाथि शङ्का गर्न सुहाउँछ ? ईश्वर पनि देखिने वस्तु हो र तपाईंको अगाडि मूर्त बनोस् ! अनि न्याय निसाफ गरोस् ! त्यो अमूर्त छ, अव्यक्त छ र निराकार छ। उसले अणु परमाणु बनेर संसार चलाउँछ।'

'कसैले चलाएको होइन, प्रकृतिबाट स्वतः सञ्चालित छ सारा चराचर जगत्। तपाईं हामी सबै प्रकृति प्रदत्त उपहार हौँ। हामी ईश्वरद्वारा बनाइएका हौँ भन्नु गलत हो। प्रकृतिबाटै बनेको हो ईश्वर भनिने अस्तित्व पनि। शोषक/सामन्तीले फैलाएको झूटो प्रचार हो ईश्वर। मानिसलाई देखाइएको डर हो ईश्वर। ईश्वर र देवता भनेको हामीले मानेका भ्रमपूर्ण कुराहरू हुन्। देवता भनेर मानिएकाहरू प्रकृतिकै सृष्टि हुन् र ती महापुरुष मात्र हुन्' – ज्ञवालीजीले भन्नुभयो।

'ईश्वर नमान्नु तपाईंको विचार हो। तपाईंको बोली बन्द गर्न सक्दिनँ म तर तपाईंले शक्तिलाई त मान्नुहुन्छ होला' ! भट्टराईको प्रश्न।

'मान्छु। त्यो शक्ति भनेको प्रकृतिभित्रै छ र त्यही शक्तिको खोज गरेर वैज्ञानिकहरूले अनेक यन्त्रहरू बनाएका छन्।' – ज्ञवालीजीको जवाफ।

तपाईंले सृजनाका कुरा गर्दै हुनुहुन्छ। प्रकृति पनि स्वयम् सिर्जित होइन, सृजना गरिएको हो। पृथ्वीभित्र भएका वस्तुहरू सबै ईश्वरद्वारा सृजित हुन्। तपाईंले पढ्नुभएकै होला, पृथ्वीको उत्पत्ति भएको कति वर्ष भयो ? पृथ्वीको पनि आयु हुन्छ र त्यसको पनि एक दिन विनाश हुन्छ। यो कुरा मान्नुहुन्छ भने पृथ्वी सृष्टि गर्ने पनि कुनै शक्ति (ईश्वर) रहेछ भनेर मान्नुपर्दछ। जसरी तपाईं स्वयम् उत्पत्ति हुनुभएको होइन, तपाईंलाई सृष्टि गर्ने अरू कोही छ। – भट्टराईको तर्क।

'तपाईं ईश्वर मान्नुहुन्छ भने मान्नुहोस्। तपाईंलाई म रोक्न सक्दिनँ। तपाईं 'सबै ईश्वरको सृष्टि हो, संसार ईश्वरकै अधीनमा छ' भन्नुहुन्छ, म 'प्रकृतिबाट प्राणीहरूको स्वतः सृष्टि भएको हो' भन्छु। तपाईं आफ्नै ठाउँमा बस्नुस्, म आफ्नै ठाउँमा बस्छु। आवेशमा आउनु जरुरी छैन।' – ज्ञवालीजीको विचार।

'तर मेरो आस्थामा चोट पुग्यो, भावनामा चोट पुग्यो। ईश्वर छैन भनेको म सहनै सक्तिनँ। संसारमा कति प्रतिशत होलान् ईश्वर नमान्ने ? कसै न कसैले कुनै न कुनै रूपमा ईश्वर मानिरहेकै छन् – चाहे अल्लाह भन्नुस्, चाहे ईसा भन्नुस्, चाहे बुद्ध भन्नुस्, चाहे महावीर भन्नुस्, चाहे कन्फुसिएस भन्नुस्, चाहे ताओ भन्नुस् –

सबैका आ-आफ्नै भावनाका ईश्वर छन् र उनीहरूले यो पनि मानेका छन्, गन्तव्य एउटै हो - निराकार अव्यक्त तत्त्वमा विलय । शून्यमा विलय ! वैज्ञानिकहरूले एटम, इलेक्ट्रोन, न्यूटन, प्रोटन भनेजस्तै सूक्ष्म अतिसूक्ष्म, सूक्ष्मातिसूक्ष्ममा विलय । यही नै सृष्टिको स्रोत हो र प्रलयपछिको विलय ।' – भट्टराईले आफ्नो तर्क अघि सारे ।

दुवै जना आआफ्ना तर्कमा अडिग थिए, वातावरण तनावपूर्ण बन्दै थियो । एउटा हास्यकलाकार र सामान्यकोटीको गायकमा यति तर्कशक्ति होला भन्ने मैले कल्पना गरेको थिइनँ, त्यो रहेछ । यस अर्थमा म भट्टराईलाई मनमनै धन्यवाद पनि दिएँ तर बोलिनँ । चुप लागेर सुनिमात्र रहेँ ।

बोल्न त मलाई पनि मन लागिरहेको थियो, मानिस अरू प्राणीभन्दा फरक चेतनशील भएकै कारण त ईश्वरको अस्तित्व स्वीकार गरेको हो । यो संसार पनि सृष्टि हो भनी हामी मान्छौँ भने सृष्टिकर्ता पनि त कोही होला भनेर मानिस त्यस तत्त्वको खोजमा लागेको हो ! श्वास, एउटा प्राणवायु हो । त्यसैको आधारमा मानिस बाँचेको छ । सक्दो हो त मानिस त्यसलाई आफ्नो अधीनमा राख्दो हो तर त्यो सूक्ष्म छ, अतिसूक्ष्म छ, मानिसले रोकेर रोक्न सक्तैन र त्यसले मानिसलाई छाडेर जान्छ । म भन्छु, त्यही भगवान् हो, त्यही ईश्वर हो । त्यसैले कोही ईश्वरको नाममा हत्या हिंसा गर्छन् भने त्यसमा ईश्वरीय सत्ताको कुनै दोष रहँदैन ।

संवाद, विवाद चलिरहेकै बेला ठाकुर सरले यो अध्याय बन्द गर्न अनुरोध गर्नुभयो । हामीले विषय मोड्यौँ अर्कैतिर ।

वास्तवमा वहस लामै चलेछ । मैले साथीहरूलाई बलेटक्सार बजारमुनि दार्सिङ्बासको मेरो घर देखाइदिउँला भनी सोच्दै थिएँ, पुगिएछ वीरबास । हामी बसेभन्दा ठीक अगाडिको सिटमा बस्ने देवबहादुर घर्ती र रमेश अर्यालमध्ये गुल्मी सिमीचौरका अर्यालले हाम्रो दृष्टि तलतलका गाउँहरूमा केन्द्रित गर्न थाले – 'देख्दै हुनुहुन्छ नि सर तपाईंहरूले ती घरहरू ! ती पच्चीस प्रतिशत घरमा मान्छे छैनन्, पच्चीस प्रतिशत घरमा बूढाबूढीमात्र छन्, चालीस प्रतिशत घरमा बूढाबूढी र आइमाई केटाकेटी छन्, बाँकी दस प्रतिशत घरका पुरुष कृषक, व्यापारी र मास्टर होलान् !'

उनले गाउँबाट यसरी मानिसहरू रित्तिँदै गएको टड्कारो परिस्थिति अवगत गराउँदै नेपालीले भोग्दै आएका इण्डिया र अरव भूमिका केही कथाहरू पनि सुनाए । तबसम्म हामी गौडाकोट नाघेर रेसुङ्गाको काछैकाछ घँघारी, दुवीचौर, उर्लेनी नाघेर तम्घास उपत्यका छिर्ने घाँटीमा पुग्यौँ । अर्याल सिमीचौर जानका लागि त्यही ओर्ले । हामी आठ/दस मिनेट अरू अगाडि बढ्यौँ र तम्घास पुग्यौँ ।

घडी हेरेँ – बेलुकाको छ बजेको थियो ।

●●●

कविता

# आमा

◆ ठाकुर शर्मा

आमाको ममताजस्तो अरू के हुन सक्छ र !
सन्तान निम्ति आँखा थ्यौ, दियौ जीवन सुन्दर । (१)

सबै शुद्धि हराएको भावनामा बगेपछि
सानो ठूलो कुनै हुन्न माताधार छुटेपछि । (२)

यो हो शरीर आमाको देन हो, प्रेमपुञ्ज हो
आफूलाई सधैं राम्रो आमाकै शक्ति-कुञ्ज हो । (३)

त्यसै बन्दैन यो देह, छन् आमा धन्य सृष्टिका
धर्मकर्म यहीं आई टुङ्गिने गर्दछन् सदा । (४)

आमा संसारकी हुन्छिन् वन्दनीया सुधारक
सन्तति अल्झिए देवी बन्दछिन् भव-तारक । (५)

काख तिम्रो हराएको एक्लैजस्तो समाजमा
सबै छन् तर देखिन्न, अल्मलिएँ विकारमा । (६)

मान्छेमा वेदना हुन्छ सधैं एक कहाँ छ र !
कहिले दुःख छन् धेर आमाकै काख हो घर । (७)

धुम्वाराही, काठमाडौं

●●●

कथा

# गहना

◆ हरिप्रसाद पाण्डेय

आज पनि अबेला गर्नुभयो घर आउन। पाँच बजेभन्दा अगाडि नै अफिसबाट सरासर घर आउन भनेकी थिएँ। ह्वैन उहाँको जस्तो अफिस कसैको छैन कि क्या हो! कहिल्यै भनेको समयमा घर आउने होइन। के मात्र गरेर बस्ने होला अफिसमा। झन् मैले बहिनीको नातिको पास्नीमा जानुपर्छ है भनेको त 'छिटो नआउनू है' भनेजस्तो भएछ। हुन त मलाई नै पास्नीमा जान मन छैन। नातिनीको पास्नीमा गएको बेलामा छोरीकी सासूले अरूसँग कुरा गर्दै मतिर हेर्दै खिसी गरेकी मैले नबुझेकी हो र! छोरीकी सासूले त्यसरी खिसी गरेको कुरा कोसँग भन्नु? उहाँलाई भन्नुभएन, 'तेरा खलक त्यस्तै त हुन् नि' भनिहाल्नुहुन्छ। कति सुनका गहना लगाएको! लगाउनेलाई भन्दा देख्नेलाई लाज। हुन त सुन भनेकै अरूलाई देखाउनका लागि हो। अरूलाई देखाउनका लागि हो भन्दैमा त्यस्तरी त लगाउन पर्दैन। हरियो पोतेमा करिब एक इन्चीको पाइपजति मोटो तिलहरी, कान्छी औंलाजस्तो मोटो सिक्री, नेक्लेस, मुगा जडेको ठूला टप, मोटा-मोटा चारवटा चुरा, नाकमा ठूलै हीराको फुली। लगाउन पनि कति सकेको! दान-धर्म गर्न जानेका छैनन्, दिन कसैलाई सक्ने होइन। लोग्नेले बैंक डुबाएर कमाएको सम्पत्ति के गरून्! बैंकको कर्मचारीलाई प्रलोभनमा पारेर चामल भनेर भुस, तेल भनेर पानी, ऊन भनेर गलैंचा काटेको धूलो, सुन भनेर सुनको जलप लगाएर पित्तल, त्यो पनि अर्काको नाममा राख्न लगाएर बैंकबाट लिएको कर्जा आजसम्म सुका पैसा पनि सावाँ ब्याजका रूपमा बुझाएका छैनन् रे! अनि किन नलगाऊन् सुनका गहना! अपराध नगरीकन कहाँबाट आउँछ पैसा? हाम्रा लोग्नेजस्ताको कमाइले दुई छाक भात खान पनि राम्रोसँग पुग्दैन। उपसचिवको तलब नै कति हुन्छ र? त्यसमाथि पनि कट्टिमट्टि गर्दा एघार हजार मेरो हातमा दिनुहुन्छ। मैले त्यति पैसाले कसरी घरखर्च पुऱ्याउनु! डेराभाडा, बच्चाको स्कुल फिस, महिना दिनको खाद्यान्न। मैले के गरी पुऱ्याउनु? मैले पनि कतै जागिर खान पाए यसो भरथेग हुन्थ्यो। बच्चाको स्कुलको फिस पनि कति महङ्गो! घरैपिच्छे च्याउ उम्रेजस्ता स्कुल छन् तैपनि मनपरी फिस असुल्छन्। के गर्नु सरकारी नियन्त्रण छैन!

घरको आर्थिक अवस्थामा केही टेवा पुऱ्याउन सकिन्छ कि भनेर भनसुन गरेर एउटा स्कुलमा पढाउने काम पाएँ। पढाउन थालेको पाँचौं दिनमा अन्य शिक्षक-शिक्षिकाहरू कक्षाकोठामा गइसकेपछि म पनि आफ्नो कक्षामा जान चक-डस्टर लिन

प्रिन्सिपलको कोठामा पस्न लागेको मात्रै थिएँ, कोठाभित्र दुई जना कुरा गरिरहेको आवाज सुनें–

"बुझ्यौ सुमिता ! तिमी यहाँ पढाउन आएदेखि नै मलाई कता-कता सन्तोषको अनुभूति भएको छ ।" प्रिन्सिपलको आवाज थियो ।

"किन र सर ! मैले के नै गरेकी छु र त्यस्तो ?" सुमिताले अलि लजालु स्वरले भनिन् ।

"के गरेकी छैनौ ? विद्यार्थीलाई कक्षामा सन्तुष्ट पारेकी छ्यौ, यो कोठामा मलाई ।"

"छ्या सर त ! कसैले सुने के भन्लान् ?"

"दुई वर्ष हुन लागिसक्यो कसैले सुईंकोसम्म पाएका छैनन्, ह्वैन त ?"

"सुईंको पाएका छैनन् भनेर जुन बेला पायो त्यही बेला यस्तो गर्नुहुँदैन । सरले निभा, निना, निकेती, नलिनीहरूलाई छोडेजस्तै गरी मलाई पनि छोड्ने हो कि ?" सुमिताले शङ्का व्यक्त गरिन् ।

"मैले उनीहरूलाई छोडेको हो र ? उनीहरूले मलाई छोडेर गएका । मैले पैसा थोरै दिएँ भनेर धेरै कमाउन अरू बोर्डिङ्गमा गएका । तिमीलाई त भनेजति नै दिइहाल्छु नि ।"

"तिनीहरू राम्रो पढाउँथे रे ! त्यस्तो मान्छेलाई पनि सरले निकाल्नुभयो भन्ने हल्ला गर्छन् नि त !"

"यी सब वाहियात कुरा हुन् । यस्तो कुराको पछि तिमी नलाग । तिम्रो मेरो बीचमा पनि फाटो पर्न बेर छैन । अब कक्षामा जाऊ ।"

सुमिता बाहिर आउन लाग्दा म पनि भित्र पसेर चक डष्टर लिएर आएँ । त्यो दिन जसोतसो कटाएँ । भोलिपल्टदेखि त्यो स्कुलमा जाँदै गइनँ । त्यस्तो दूषित वातावरण भएको स्कुलमा मैले आफ्नो जागिरको भविष्य देखिनँ ।

... लौ हेर ! यस बेलासम्म पनि आउनुभएन । नजानु पनि भएन । जाउँ भने पनि अबेर भइसक्यो । गएन भने 'लोभीका खलक भात ख्वाउन पर्छ रे भनेर आएनन्' भनेर दसौं जनासँग कुरा काट्ने मौका पाउँछन् । बच्चालाई के लिएर जाने ? जस्तोसुकै राम्रो महङ्गो चिज लगे पनि 'के ल्याएको यस्तो' भनेर ओठ चेप्पाइहाल्छन् । बरु खाममा हालेर पैसा दियो आनन्द । पैसा पनि कति हाल्नु ? धेरै हाल्न औकात पुग्दैन, थोरै हालौं अरूकै अगाडि खाम च्यातेर बेइज्जत गर्लीं भन्ने डर । ह्वैन त्यसको केही बिगार त गरेकी छैन मैले किन मेरै रिस गर्छे ! ल हेर ! केटाकेटीहरू पनि स्कुलबाट आइपुग्ने बेला भइसक्यो । तिनीहरू स्कुलबाट आउनुअगाडि नै पुगेर आउँला भन्ने सुरले आज चाँडै आउनुस् है भनेको । सबैथोक आफूले भनेबमोजिम कहाँ पुग्छ र ? उहाँलाई मात्र के दोष दिनु, अफिसमा पनि त्यही त हो नि जो काम गर्छ त्यसैलाई नै जोताउने हुन् । फेरि उहाँको स्वभाव पनि त्यस्तै छ, अफिसको काम भनेपछि घरै पनि बिर्सनु हुन्छ । यसपालि त उहाँको सह-सचिव हुने बेला हो । सबै

कुरा दैवको हातमा छ। उहाँका आफ्ना मान्छे नेता-मन्त्री छैनन् के गरी होला प्रोमोसन पनि ! योग्यता र अनुभवको मूल्याङ्कन हुने ठाउँ भए पो ढुक्क हुनु। फाराम दर्ता गर्न पाएका छैनन् कसको सोर्स लाग्छ भनेर खोजी गर्दै हिँड्छन्। यहाँको योग्यता भनेको चापलुसी, चाकडी, नजराना-उपहार मनग्ये गर्न र दिन सक्ने हुनुपर्छ तब त्यस्तो व्यक्ति सर्वत्र योग्य हुन्छ।

अहो ! छ्या म पनि के चाहिँदो-नचाहिँदो कुरा सोचेकी होली ! मैले सोच्दैमा समाधान हुने हो र ? ऊ... केटाकेटीहरू आएजस्ता छन्। हरे ! हेर यो पाँच वर्षको एल केजीको बच्चाको किताब-कापी, अरूले बोकेर स्कुलसम्म पुऱ्याइदिनुपर्ने। के पढ्छन् यिनीहरूले। कमिसनको लोभले गर्दा यी बच्चाहरूलाई दुःख, अभिभावकहरूलाई आर्थिक बोझ। जता हेऱ्यो व्यापार, भ्रष्टाचार, बिना घुस काम नहुने भइसक्यो अफिसहरूमा। कालिमाटी घर भएकी साथीको आफू बसिरहेको घर एउटा ग्याङ नै मिलेर मालपोत कार्यालयका कर्मचारीसमेतको मिलेमतोमा अर्कैलाई बेची दिएछन्। घर खरिद गर्ने मानिस घर खाली गराउन आउँदा पो बल्ल थाहा पाएछ। किन्ने र घरधनीबीच मुद्दा चलेको छ। आफू बसिरहेको घर बस्नको लागि अरूसँग मुद्दा गर्नुपर्ने कस्तो जमाना आयो ! विश्वास भनेको कसैमाथि पनि गर्न नहुने। सबै कर्मचारी हाम्रा बूढाजस्तो बुद्धि र नियत भएको भए यो देश कस्तो बन्थ्यो होला। उहाँ त अहिले आफ्नै अफिसमा कागको हूलमा बकुल्ला बसेजस्तै हुनुभएको छ। तैपनि उहाँलाई गर्व छ। मैले नै कति अभावका दिनहरू बिताएँ। मेरा माइती पनि त्यति हुनेखाने होइनन्। मेरा बा पनि उहाँको जस्तै स्वभावको हो। बाको कार्यालय पनि दायाँ-देब्रे गर्नेको लागि कुवाकै पानीजस्तै हो तर मेरा बाले त्यस्तो दायाँ-देब्रे केही गर्नुभएन। उहाँको आडमा धेरैले मार्बल हालेर, टायल टाँसेर घर बनाए तर उहाँ दोस्रो श्रेणीको अंफिसर भएर एक तले माटोको जोडाइ, टिनको छानो भएको घर। फेरि सन्तान धेरै। दुई छाक राम्रो खान पनि नपुग्ने। उहाँको पनि अभावै अभावमा जीवन बितेर गयो। आमाको लच्छिनले मात्रै त्यो घर टिकेको हो। मेरा चार जना दाजुभाइ भएर पनि घरको लागि केही काम नलाग्ने। घर त होटलजस्तो। बिहान खायो गयो, बेलुका खान आयो। आठओटी छोरी कसरी बिहेदान गर्ने आमालाई सधैँ चिन्ता। बालाई वास्तै छैन। आएको तलब ल्याएर आमाको हातमा हालिदियो, बाको दायित्व पूरा। बिचरी आमाले मात्र के गरी हुर्काएकी होलिन् त्यत्तिका सन्तान ! एक धार्नी आलु उसिन्यो भने दुई-दुई ओटा खान पुग्ने अवस्था थियो। हाम्रा जेठाबा कान्छाबा कार चढेर हिँड्थे तैपनि हाम्रा बालाई हीनताबोध भएन। आठ-आठ छोरीको बिहे सजिलैसँग भयो। दैवले पनि त्यस्तै जुराइदिए। कुनै पनि ज्वाइँहरू दाइजोको लोभी देखिएनन्। पहिले कुराकानी गर्दैमा 'म केही पनि व्यवहार गर्न सक्दिनँ केवल कन्यामात्र दान गर्छु' भन्नुहुन्थ्यो आमा। केटापट्टिबाट पनि 'केटीमात्र भए पुग्छ हामीलाई। खानलाउन पुग्ने सम्पत्ति छ' भन्थे। त्यस्तै प्रकारले आठ-आठ ओटी छोरीको बिहे गर्नुभयो आमाले। कहाँबाट कसरी रकम

जुटाएर किन्ने गर्नु हुन्थ्यो आमाले। बालाई केही वास्तै थिएन त्यस कुरामा। 'अजिङ्गरको आहारा दैवले पुऱ्याउँछ' भने जस्तै कुनै किसिमको अप्ठ्यारो नपरीकन सबै छोरीहरूको बिहे भयो। दाजुभाइको पनि त्यस्तै किसिमले भयो। दाजु दुईले राम्रै गरे। दुवै व्यापारमा लागेका छन्। एउटा भाइ लागु पदार्थ खाने भएर निस्क्यो। त्यसलाई कसैले समाल्नै सकेन। जसको घरमा गयो उसैको घरबाट अलि पैसा आउने माल टिपटाप गर्न थाल्यो। एक दुई चोटिसम्म त भाइले चोऱ्यो होला भनेर कसैले अन्दाजै गर्न सकेनन्। एकचोटि ठूल्दिदीको घरमा भाइ गएको रहेछ। त्यस दिन घरमा दिदी मात्र हुनुहुन्थ्यो रे। घडी र आधा तोला सुनको औंठी दिदीले त्यहीं टेबुलमाथि राख्नुभएको रे। भाइ आयो भनेर खाजा लिन माथि भान्सामा जानुभएको थियो रे। खाजा लिएर आउँदा भाइ कोठामा थिएन रे। 'कस्तो मान्छे होला जाउँ पनि नभनीकन गएछ' भनेर मनमनै गुनगुनाउनुभएछ दिदी। भाइ गएको करिब दस पन्ध्र मिनेट पछि 'कति बज्यो होला' भनेर घडी हेर्न खोजेको टेबुलबाट घडी र औंठी गायब। त्यसै दिन दिदीले सबै बहिनीहरूलाई सतर्क गराउनुभयो। त्यो आएपछि एक न एक जनाले कोठा नछोड्ने दिदी बहिनीमा सल्लाह भयो। त्यसो गरेपछि माल हराउन छोड्यो। मेरो घरमा त प्रायः आउँदै आउँदैन। बाटो पनि पर्दैन। त्यति टाढा पनि छु म। अहो ! साढे पाँच बजिसकेछ। केटाकेटी खेलेर पनि आउने बेला भइसक्यो। म पनि के सोचिरहेकी होला छ्या।

त्यसको अगाडि म पनि गहनाले झकिझकाउ भएर जान्छु भनेर आजै पल्लो घरकी सुनितासँग मागेर ल्याएकी थिएँ। अब पास्नीमा जाने समय नै रहेन। मागेर ल्याएको गहना फेरि तलमाथि होला पुऱ्याएर आउनुपऱ्यो भनेर अनिता पल्लो घरतिर लागिन्।

"किन बिहान लगेर अहिल्यै पुऱ्याउन आयौ" सुनिताले अलि आश्चर्य मान्दै भनिन्।

"बहिनीको नातिको पास्नीमा जान भनेर मागेको हो। अब यस बेला भइसक्यो। झकिझकाउ गहना लगाएर हिँड्ने जमाना पनि छैन। आठ दस तोलाको गहना कहीं तल-माथि भयो भने सर्वस्व नै जान्छ मेरो त। त्यसैले पुऱ्याउन आएकी।" गहनाको पोको दिँदै अनिताले भनिन्।

"हराए हराउँछ त त्यसमा चिन्ता गर्नुपर्ने कुरा के भयो त ? जम्मै गहनाका मूल्य तिमी अन्दाज गर्न सक्छ्यौ ? अहँ सक्तिनौ। हराएदेखि त्यही गहना हराउँछ मान्छे हराउँदिनौ क्यारे" सजिलैसँग सुनिताले भनेको सुनेर अनितालाई अचम्म लाग्यो।

कस्तो सजिलोसँग भनेकी मानौं ती गहनाहरू उसलाई उपहार आएका हुन्। त्यो पनि मन नपर्ने मानिसले दिएको। यसको लोग्नेको त उपहार आउने मन्त्रालय, विभाग वा कार्यालयमा नोकरी होइन। कृषि विकास बैंकमा हो जस्तो लाग्छ मलाई। फेरि सधैं अफिसबाट फर्कंदा बाङ्गा खुट्टा लगाएर आएका हुन्छन्। खान त धौ-धौ

हुन्छ रे । यत्रो गहना लगाउन कहाँबाट पाउनु । माइतीले दिए भनूँ भने यो भागेर आएकी हुनाले माइतीमा आवतजावतै छैन । यसले कति वेदना खपेर बसेकी होली । टोलछिमेकमा आफ्ना व्यथाभित्रको कथा कसैलाई पनि सुनाउँदिन । यसको मुख सधैं हँसिलो रसिलो । यही लक्षणले गर्दा घर टिकेको हो । बिहे गरेको पनि सात वर्ष जति भइसक्यो क्यारे सन्तान भएको छैन । सन्तान नभएकोमा दुःख पनि मान्दिन । लोग्नेले बेला बेलामा धम्क्याउँछ रे 'तँ बाँझी भइस् म अर्को बिहे गर्छु' भनेर । ऊ पनि सजिलैसँग जवाफ दिन्छे रे 'म एउटीलाई त राम्रोसँग पाल्न सकेका छैनौ, अर्की ल्याएर के गर्छौ ? तिमीलाई सुख हुन्छ भने ल्याऊ, जति ओटी ल्याए पनि म केही भन्दिनँ ।' उसकी मितिनी आएकी थिई एक घण्टा जति म कहाँ बसेका बेलामा उसको बारेमा सबै कुरा भन्न भ्याइहाली । कोही त्यस्ता हुन्छन् कोही पटक्कै कुरा गर्दैनन् । आइमाई पनि थरी थरीका यस संसारमा ।

"ए ! अनिता के भो तिमीलाई किन टोलाएकी ?" सुनिताको आवाज सुनेपछि झसङ्ग जस्तै भइन् अनिता एकचोटि त ।

"केही पनि सोचेकी होइनं तिम्रो कुरा सुनेर अचम्म लाग्यो । कमसेकम पनि चुरा समेत गरेर आठ नौ तोला सुनको गहना हराए हराउँछ त तिमी हराउँदिनौ भन्छ्यौ । एउटा चुरा मात्रै तलमाथि भयो भने तिर्नको लागि मलाइ हम्मे पर्छ ।" भन्दै सुनिताको मुखतिर हेरिन् उनीले ।

"तिमीले यो गहनाको मूल्य थाहा नपाएर मात्रै आँत्तेकी हो" मुसुक्क हाँस्दै सुनिताले भनिन् ।

"अहिले सुनको भाउ तोलाको त्रिचालिस हजार छ । बिहान् मात्र पत्रिकामा हेरेको मैले अनि तिम्रो गहनाको मूल्य अन्दाज गर्न सक्तिन हेर ! सुनिता गहना मागेर लगाउने काम राम्रो होइन । लिने र दिने दुवै ज्यादै मनमिल्दो र एक अर्कोमा विश्वास गर्ने हुनुपर्छ नत्र दुवैका लागि घातक हुन्छ । झन् आफन्तमा त यो काम गर्नै हुँदैन । तिमीलाई एउटा सानो घटना सुनाउँछु । माइतीपट्टिको आफन्तकै छोरीको बिहेमा जानको निमित्त दिदीकी जेठानीले छिमेकीसँग हीराको हार मागेर लगेकी रहिछन् । जसको गहना हो ऊचाहिँ परिवारसहितै भोलिपल्ट जापान जाने रहेछन् । दिदीकी जेठानी बिहेमा गइन् त्यही हीराको हार लगाएर । खाइपिइ गरेर डान्स पनि चलेछ । उनी अति नै राम्रोसँग नाच्थिन् । आधा घण्टा जति डान्स गरिसकेपछि घर फर्केछन् जेठाजु र जेठानी घर पुग्न करिब दस मिनेट जतिको बाटोनिर आइपुगेपछि घाँटी छामिछन् । घाँटीमा नेक्लेस नभएपछि उनको सातोपुत्लो नै उडेछ ।

"ए हजुर ? मेरो त नेक्लेस छैन घाँटीमा बिहे घरतिर कतै खस्यो कि जाउँ खोज्न" रुन्चे स्वरमा जेठानीले भनिछन् । तत्कालै मोटर साइकल बिहे घरतिर दौडाएछन् श्रीमान्ले । एक घण्टा लगाएर, नाचेको ठाउँ बसेर गफ गरेको ठाउँ खाना खाएको अन्यत्र यताउति सबै ठाउँमा खोजेछन् तर हीराको हार पाउन सकेनछन् । जेठानी

चाहिँ त एउटा कुनामा बसेर रोइन् रे धेरै बेरसम्म। लाग्ने चाहिँको पनि सातो नै गएछ के गरी तिर्ने भनेर। त्यस रात उनी घर जान सकिनन्। माइतै बसिन् रे। भोलिपल्ट दिदीको जेठानीले त्यस्तै डिजाइनको हारको मूल्य बजारमा गएर बुझिछन्। चार लाख भन्यो रे। हीराको हारको मूल्य सुनेपछि आफूले आफैलाई गाली गर्न र धिक्कार्न थालिन् रे। चार-चार लाख रुपैयाँ तत्कालै जम्मा गर्न सक्ने कुरै आएन। माइतीपट्टिबाट बाबु चाहिनेले अरूले थाहा नपाउने गरी त्यो छोरीको नाममा मैतिदेवीमा चार आना जग्गा पास गरेर दिएका रहेछन्। त्यही जग्गा बेचेर हार किनेर दिने वा त्यसको मूल्य तिर्ने सुरमा उनी पुगिन् रे। साँझ साँझ पर्न लागेपछि उनी घर फर्किछन्। घर आएपछि थाहा भयो हीराको हार दिने छिमेकी बिहान एघार बजेको फ्लाइटमा जापान गएको कुरा। उनीलाई निकै राहत मिलेछ। तत्कालै जग्गा बेच्न नपरेकोमा। त्यसपछि उनी दिन रात लगाएर पैसा जम्मा गर्न लागिछन्। खर्चमा निकै कम गर्न थालिछन् रे। तीन वर्षपछि छिमेकी जापानबाट आएछन्। दिदीको जेठानीले 'तपाईंबाट लगेको हार बिहेमा गएको बेलामा हरायो। तपाईंहरू भोलिपल्टै जापान गइहाल्नुभो। त्यो हीराको हारको मूल्य कति पर्छ होला म तिर्न तयार छु' भनिछन् जेठानीले। 'केही छैन, तपाईंको हातबाट हराउनु थियो हरायो। त्यति जावो कुराको के को चिन्ता। तिर्नु पर्दैन त्यति सानो कुरा' छिमेकीले भनिछन्। चार चार लाख पर्ने हीराको हार हराउँदामा पनि त्यति जावो कुरा भन्छिन्। केही बुझ्न सकिन मैले त। 'त्यसो भनेर कहाँ हुन्छ यहाँले पनि खरिदै गरेर ल्याउनुभएको होला मेरो गल्तिले हराएको माल मैले त्यसको हर्जाना तिर्नैपर्छ नत्र मेरो मनमा शान्ति हुँदैन' भनेर दिदीकी जेठानीले भनेपछि अनि छिमेकीले भनिछन् त्यसो हो भने त्यसको खास मूल्य भनेको दुई हजार हो त्यति दिए पुग्छ किन कि त्यो हीराको हार नक्कली हो।' छिमेकीको कुरा सुनेर जेठानी जिल्ल परिछन्।

"तिमीले भनेको ठीक हो अनिता! ती मेरा गहनाहरू पनि नक्कली हुन्। सक्कली त्यति महँगो भइसक्यो किन्ने औकातै पुग्दैन। भोजमा जाँदा हामी आइमाईले गहना नलगाई भएन। गहना नलगाई गएमा वरिपरिका त्यसमा पनि आफन्तले झन् खिसी गर्छन् त्यसैले मैले यी ग्यारेण्टी सुनको जलप लगाएको गहना किनेकी हुँ। ती गहनाहरूलाई महत्त्व नदिएकी कारण पनि यही हो।" सुनिताले अनिताको मुखतिर हेर्दै भनिन्। उनको कुरा सुनेर अनिता जिल्ल पर्दै घरतिर लागिन्।

●●●

यात्रासंस्मरण

# यस्तो पर्न सक्छ तर सके नपरोस

◆ महेन्द्र गुरुङ्ग

गएको वर्ष २०६७ मा निकै विदेश भ्रमण भयो- छोटो छोटो तर ती जम्मै भ्रमणहरू आयोजकको निमन्त्रणामा। आयोजकको निमन्त्रणामा भनेपछि धेरैलाई थाहा भएको कुरा हो, केही किनमेल गर्नुपऱ्यो भने आफ्नै खल्ती छाम्नुपर्ने हुन्छ। कोरिया दुई पटक, चीन एक पटक र अमेरिकाको हवाई एक पटक गरी चारवटा भ्रमण गर्न भ्याउँछु।

२०६८ सालको सुरुवात हुँदा नहुँदै फेरि त्यस्तै शैलीमा कोरिया जाने साइत जुऱ्यो। धेरै कुराहरू विचार गर्दा म आफूलाई भाग्यमानी ठान्दछु तर कृपाको आधारमा मात्रै म बाँचेको होइन, मैले कर्म र मेहनत पनि इमानदारी र लगनका साथ गरेको छु, यो पनि त्यति नै सत्य हो। सायद यी दुबैको सम्मिश्रण होला, जुन मैले पाएको छु त्यसको पृष्ठभूमिमा।

म सरकारी जागिरे भएको हुँदा विदेश भ्रमण जाँदा रकम नपाए पनि सरकारको स्वीकृति त लिनै पऱ्यो। कथा यहाँबाट सुरु गर्दा बेस हुन्छ। त्यसअघि भनिहालौँ, यो भ्रमण साहित्यिक भ्रमण नभएर वैशाख, १२-१६ सम्म दक्षिण कोरियाको 'भोलिको नगर' भनी निर्माण गरिएको इन्चन नगरमा आयोजना हुने दैवी प्रकोपबाट उत्पन्न हुने जोखिम न्यूनीकरण एवंम् व्यवस्थापन विषयक नेतृत्वस्तर तालिमको सिलसिलामा उठान भएको थियो।

त वैशाख ४ गते माननीय मन्त्रीज्यूबाट भ्रमणका लागि स्वीकृति भयो। ५ गते परराष्ट्र मन्त्रालयमा पत्र लेखियो। ६ गते त्यहाँबाट कोरियन राजदूतावासका लागि पत्र लेखियो। ७ गते सो पत्र राजदूतवास पुऱ्याइयो। पुऱ्याउन त ६ गते नै पुऱ्याइएको हो तर १२ बजेपछि पत्र एवम् फारम नबुझ्ने हुँदा अर्को दिन लैजान पऱ्यो। राजदूतावासले प्रकृयाका लागि केही दिन त लिन्छ नै। भए पनि तालिमको समयलाई ध्यानमा राखी छिटो गरिदिन अनुरोध पुऱ्याइएको थियो।

कहिलेकाहीँ जीवन कति व्यस्त बनिदिन्छ, अनुमान लगाउनै गाह्रो। वैशाख ९ गते शुक्रबार मेरो आफ्नै संस्था रमा-कृष्णा सृजना प्रतिष्ठानको वार्षिक कार्यक्रम तथा स्रष्टा सम्मानको कार्यक्रम थियो। कार्यक्रमको तयारीमा जुट्न परिहाल्यो। शुक्रबारको कार्यक्रममा सबैको सहयोग रह्यो। राम्रो भयो तर व्यस्तताका कारण राजदूतावास जानै भ्याइएन। कसैलाई पठाएको भए पनि हुन्थ्यो त्यसो गर्न पनि

बिर्सियो । कार्यक्रम सम्पन्न हुँदाको खुसी चुलिन नपाउँदै भिसाको तनावले मलाई गाँज्यो । तनावको कारण के थियो भने शनिबार र आइतबार दुबै दिन राजदूतावासका लागि बिदा हुन्छ, आइबार त म उड्न पर्ने, किनभने सोमबार १२ गतेदेखि तालिम सुरु हुने थियो ।

अब के गर्ने ? कोइकाका एक मित्रलाई सहयोगका लागि अनुरोध गरें । शुक्रबार र शनिबारसम्म उनी पनि मेरो कारण तनावमा परे किनभने शनिबार बिदाको दिन उनले फोन गरेका पदाधिकारीले फोन उठाइरहेका थिएनन् । अब आइतबार उड्ने कुनै सम्भावना नरहेको आभास मलाई हुन लाग्यो । एक जना ट्राभल एजेन्सीका मित्रलाई सोध्न पुगें । उनले जवाफ दिए, 'भिसाको समस्या हो र टिकट सार्न पर्ने हो भने एयर इन्डियाको सिटी अफिस हात्तीसारमै छ । त्यहाँ गएर आफैले समस्या राखेमा उसले सारिदिन्छ ।' त्यति बेला म कति हलुङ्गो भएको थिएँ, अरूले अनुमान लाउन सक्तैनन् ।

आइतबार वैशाख ११ गते लोकतन्त्र द्रिवस, सार्वजनिक बिदा परेको थियो । ११ गते नै वनिता त्रैमासिकको वार्षिक कार्यक्रम र स्रष्टा सम्मानको कार्यक्रम राखिएको थियो । हाम्रो सुमधुर साहित्यिक सम्बन्धका कारण मैले त्यसमा स्वागत मन्तव्य राख्नु थियो । यी सुखद तनावहरू छँदै थिए । कार्यक्रम सक्नासाथ कोरियातर्फ उड्ने योजना थियो । त्यो योजना आफैँमा तनावपूर्ण थियो तर टिकट सार्नमा गाह्रो साँगुरो के पर्ने हो, म अनभिज्ञ थिएँ ।

आइतबार बिहान ९:३० तिर म हात्तिसारस्थित एयर इन्डियाको सिटी कार्यालय नेसनल एभिएसन कम्पनी अफ् इन्डिया लि. मा गएँ । मेरो इ-टिकट देखाएँ । कुरा गरें । अधिकारीले कम्प्युटर हेरे । टाउको तलमाथि हल्लाए । रु. एक हजार दस्तुर लाग्ने कुरा गरे । मलाई बेठीक पनि लागेन किनभने आइतबार अर्थात् २४ अप्रिलमै उडान थियो म त्यही दिन २५ अप्रिलमा सार्न पुगेको थिएँ । रकम तिरें । उनले नयाँ इ-टिकट दिए । मैले हेरें, नयाँ दिल्ली अनि इन्चन दुबैको समय मिलेको छ, खासै छुट्नेवाला छैन । मैले उनीसँग कुराकानी पनि गरी समस्या नहुनेमा सुनिश्चित गरें । म तनावमुक्त हुँदै त्यो कार्यालयबाट निस्किएँ । वनिताको कार्यक्रममा अद्योपान्त सहभागी भएँ । लक्ष्मीजी पनि खुसी हुनुभयो ।

भोलिपल्ट उडानको दिन । यस्तो पनि हुन्छ । घरबाट बिदाबादी भई ९:३० तिर निस्किएँ । राजदूतावास गई पासपोर्ट/भिसा लिएँ । कोइकाका साथीले सहयोग गरे अनि केही छिन आफ्नो कार्यालयमा काम गरी विमानस्थलतिर लागें । त्यो दिनको मौसम खराब थियो । बादल र वर्षा । चेक इन गर्दा मेरो सामान इन्चन (कोरिया) मा बुझ्ने गरी ट्याग लगाइदिए तर मलाई भने नयाँ दिल्लीसम्मको मात्र बोर्डिङ कार्ड दिइयो । इन्चनको लागि पनि दिनुस् न भन्दा नयाँ दिल्लीले दिन्छ भन्ने उत्तर मिल्यो । त्यसो

गर्दा पनि हुन्थ्यो, धेरै विमानसेवाले त्यसै गर्छन् तर यसो गर्दा पनि के फरक पर्छ र ? मैले मनमनै सोचें ।

ओहो ! मैले यतिका लेखें तर अहिलेसम्म काठमाडौं छोडेकै छैन । यात्रा यथार्थमा प्रारम्भ भएकै छैन । हो ! यात्रा प्रारम्भ हुन नै कस्तो गाह्रो यसपालि । अझै पनि, जब म विमानस्थलमा बसिरहेको छु बाहिर बादल, वर्षा, मेघ गर्जन भइरहेको छ । सोच्दै छु, के मेरो यात्राको सुरुवात त हुन्छ ? 'कलकत्ताबाट आएको विमानलाई डाइभर्ट गरियो' भन्ने जानकारी आयो । हैं ? प्रश्न उठ्यो तर होइन । एयर इन्डियाको जहाज अवतरण भयो । अब जाने निश्चित भयो । डेढ घण्टा ढिलो भयो तर जहाज ५:३० तिर हामीलाई लिई नयाँ दिल्लीतर्फ उड्यो । मेरो यात्रा सुरु भयो । भारतीय सेवा ठीक ठीकै लागेको थियो ।

त्यस रात नयाँ दिल्लीमा जे घट्यो, त्यो सुन्नुहोस् । हामी ट्रान्जिटका यात्रुहरूलाई एउटा विशेष काउन्टरमा लगियो । ८-१० जना अधिकारीहरू थिए । डेस्कमा कम्प्युटरहरू पंक्तिबद्ध यात्रुहरू एक-एक गर्दै टिकट देखाउँदै बोर्डिङ कार्ड लिंदै थिए । समस्या पनि उठिरहेका थिए । मेरो पालो आयो । अधिकारीले कम्प्युटर हेरे, अलि गहिरिएर हेरे । के-के किबोर्ट चलाए, फेरि हेरे । अर्कालाई बोलाए उनले, दुबैले हेरे । म छक्क परें । मैले सोधें, 'ह्वाट इज द प्रोब्लम ?' छिनपछि उनले भने, 'योर बुकिङ इज नट शो इन द कम्प्युटर ।' अनायास ४०० भोल्टको झट्का लाग्यो । मैले सोधें, 'हाउ क्यान इट बी पसिबल ?' मनमनै सोचें यस्तो कसरी सम्भव छ ? उसको हाकिम उसलाई र अरूलाई पनि भन्दै थिए, 'अरे मिश्रा, देख् क्या हो रहा है ? फिर् बुट कर् ना ।' ऊ सोध्दै थियो, 'आप कोड डाल् दो ।' फेरि उनी किबोर्ड चलाएर भन्थे, 'ये लो, डाल दिया ! अबे मिश्रा, कहाँ जा रहा है ?' त्यो काउन्टर नै भद्रगोल देखिन्थ्यो । मेरो केसमा यता म अचम्मित थिएँ, उता ती अधिकारी पनि अचम्मित थिए । बिस्तारै उनीहरू मेरो ई-टिकट र मैमाथि, मेरो शिरको कालो टोपीमाथि शंका गर्न थालेका थिए । मलाई यो पक्ष बिझ्दै जान लागेको थियो । मैले काठमाडौंमा तिरेको पैसाको रसिद देखाएँ । त्यसले केही राहत दियो र कसो-कसो गरी उनीहरूले २४ तारिखको मेरो कन्फर्म टिकटको जानकारी कम्प्युटरमा भेट्टाए तर २५ तारिखको लागि कन्फर्म गरेको भेटेनन् ।

स्थिति बडो असहज थियो, मेरो लागि पनि उनीहरूका लागि पनि । सायद फर्कनु बेस होला, म सोच्न थालिसकेको थिएँ । मैले टिकट सारेकै हो, मैले पैसा तिरकै हो, प्रमाण बोलिरहेकै थियो तर कम्प्युटरमा कन्फर्म टिकट देखिइरहेको थिएन, उनीहरूका लागि त्यो प्रमाण नै यथेष्ट थियो । म गजबको सङ्कटमा फँसेको थिएँ । उनीहरूमध्ये एकले मेरो टिकट र पासपोर्ट लिएर ठूलो हाकिमकहाँ गए । करिब ४५ मिनेटमा फर्केर आए, मलाई बोलाए अनि 'अन्तिम पटकलाई' भनी बोर्डिङ कार्ड

थमाए। म जान पाउने त भएँ, मेरो यात्रा अगाडि बढ्ने त भयो तर जुन गल्ती मैले गरेकै होइन, अनाहकमा म लाञ्छित भएँ, आरोपित भएँ। अगाडि बढेँ तर एक्लै म कालो बादल भएँ, मेघ गर्जनहरूलाई आफूभित्र सम्हालेँ, अनि एयर इन्डिया र नयाँ दिल्लीप्रतिको आफूले अनुमान गरेको भन्दा बिल्कुलै विपरीत अनुभव सङ्गालेँ।

धेरै यात्रा गरियो तर नयाँ अनुभव गर्न अझै बाँकी नै रहेछ। नयाँ दिल्लीबाट राती उडेको विमान ४,२०० कि.मी. को दूरी पार गरेपछि झिसमिसे बिहान हङकङ आइपुग्यो। त्यहाँ उत्रने यात्रुहरू ओर्लिएपछि हामीहरू भने भित्रै रह्यौँ अनि त्यहाँ जहाजका कोठाहरू, शौचालयहरू सफा गर्ने टोलीहरू आए। प्लाष्टिकको कोट, प्लाष्टिकको टोपी अनि प्लाष्टिकको पन्जा लगाएका, भ्याकुम क्लीनर, मोपर, पोलिथीनका ठूला ब्याग अनि आवश्यक नयाँ सामाग्रीहरू लिएर आएका ती व्यक्तिहरू झल्याँस्स हेर्दा अर्कै ठाउँबाट आएजस्ता देखिए। झण्डै आधा घण्टा घार्र् घुर्र्, हार्र् हुर्र् गरेर त्यो शान्त वातावरणलाई बिथोल्नुसम्म बिथोलेर उनीहरू गए। त्यसपछि नयाँ यात्रुहरू आए। जहाज उड्यो। इन्चनमा ओर्लिंदा मौसम त्यहाँ पनि ठीक थिएन। बादल, अँध्यारो अनि वर्षा। यस्तो लाग्यो यसपालि महेन्द्र, जहाँ गए पनि, जहाँ पुगे पनि तिम्रो साथी बादल, अँध्यारो अनि वर्षा !

कोरिया बस्दाका दिनहरू, क्षणहरू र कर्महरू म एक छिनपछि बताउनेछु। यसपालि फर्कँदाको यात्रा पनि नयाँ अनुभवले ओतप्रोत भयो।

तालिमको अन्तिम दिन अप्रिल २९ तारिख (वैशाख १६ गते) तालिमका सहभागीहरूलाई सिओल लगियो। त्यसै दिन हामीमध्ये कोहीको राति ९ बजेको फिर्ती उडान थियो, जसमा हामी ३ जना नेपाली पनि परेका थियौँ। हामीले सामान सँगसँगै सियोल लगेका थियौँ। त्यति मात्र होइन राजकीय सङ्ग्रहालय हेर्न जाँदा समेत आआफ्नो लगेज बोकिरहेको, गुडाइरहेको दृश्य देख्नेहरूका लागि रोचक र प्रश्नवाचक भई रहेको थियो होला। मेरो लागि त झन् छुट्टै थियो। एक जना अमेरिकन साथीले नेपाल पठाउन केही सामान छ भनेर मलाई सुध्याएका थिए। ठीकै छ, सेवा गरिदिऊँ न त भनेर सङ्ग्रहालयमा भेट्न आउनू भनेको थिएँ। उसको नेपालस्थित मित्रप्रति अलि धेरै नै मित्रता रहेछ क्यार, उसको सामान त झण्डैझण्डै मेरोभन्दा धेरै रहेछ। सबै नसक्ने देखेपछि म पनि रुन्चे भएँ, ऊ पनि रुन्चे भएर फर्कियो आआफ्नै स्पष्टीकरणका साथ।

जहाज उड्यो। राती १२:३० बजेतिर बैंकक आइपुग्यो। काठमाडौं जाने थाइ एयर सर्भिसको जहाज बिहान स्थानीय समयअनुसार १० बजे मात्र छ। अब के गर्ने ? टर्मिनल भवनमा चहलपहल पनि त्यति छैन। हिँडेर, बसेर, खाएर मात्र यो बीचको १० घण्टा बित्नेवाला थिएन अनि म सुटुक्क मेरा दुई जना साथीहरूसँग कुरा गरी एकातिर लागेँ।

बैंककमा सुटुक्क एकातिर लागें भन्दा धेरै अर्थ लाग्न सक्छ तर यहाँनिर एउटै अर्थ छ। म चहलपहल नभएको, अलि छुट्टै तथा प्रकाश पनि त्यति नभएको ठाउँ खोज्दै गएँ र ३-७ (इ-सेमेन) लेखेको ठाउँमा पुगें। बेन्चहरू थिए। आफ्नो ब्रिफकेस र झोला बेन्चमाथि एक छेउमा राखें। ब्रिफकेसबाट एउटा ओढ्ने खास्टो निकालें अनि अरूले आफूलाई नदेखून्, आफूले पनि अरूलाई देख्न नपरोस् भनेर बेन्चमा पल्टिएँ।

बेन्चमा पल्टिरहँदा कहिले नजिकबाट कहिले अलि परबाट मानिसहरू हिँडेका, केही गफ गरेका अनि कहिलेकाहीँ एक-दुई जना आफ्नै नजिकबाट गुज्रेर गएका पनि आभास भयो। विस्तारै म छिमेकी राष्ट्र भारतको बिहार, उत्तर प्रदेशको जिल्ला पुगें। मेरो घर धनगढी जानु पर्दा भारत भएर जानुपर्थ्यो। त्यति बेला रेल चढिन्थ्यो अनि रेल पर्खन स्टेशनमा पर्खिनुपर्थ्यो, बेन्चमा सुतिन्थ्यो। मलाई आज त्यस्तै अनुभव भयो। उत्तर प्रदेशको गोरखपुर, मैलानी तथा बिहारको रक्सौल रेल्वे स्टेशनमा सुतेझैं आज बैंककको विमानस्थलको कुनै एउटा बेन्चमा म सुतिरहेको छु, भोलिको प्रतीक्षामा छु। एउटा फरक भने टड्कारो थियो- यहाँ फोहर दुर्गन्ध छैन जुन त्यहाँ थियो, अनि यहाँ त्यो हल्ला र कोलाहल पनि छैन जुन त्यहाँ थियो तर आखिर जे भए पनि मेरो स्थिति जे त्यहाँ थियो, त्यही यहाँ पनि छ। एउटा बेन्च, आफ्नो केही सामान, एउटा च्यादर अनि उही प्रतिक्षा। सायद मेरो यात्रा एयर इण्डियाबाट सुरु भएको हुनाले त त्यो चक्र दोहोरिएको होइन ? म अहिले पनि सोच्दै छु!

तर जे होस्, यस्तो यात्रा फेरि पनि आइलाग्न नसक्ने होइन, फेरि पनि यस्तो पर्न सक्छ तर मेरो कामना छ, यस्तो यात्रा अरूसँग नपरोस्, फेरि पनि पऱ्यो भने मैसँग परोस्।

**छोटो अन्तर्वस्तु :**

१. तालिम ज्ञानबर्द्धक रह्यो जसलाई सदुपयोग गरिनेछ।
२. साङ्दो बृज होटल १५ मिनेट पर रहेको 'मीट यू अल' (तपाईं सबैसँगको मिलन भवन) भवनको १८ औं तलामा कार्यरत 'ग्लोबल एजुकेशन एण्ड ट्रेनिङ इन्स्टीच्यूट (गेटी)' (अन्तर्राष्ट्रिय शिक्षा तथा तालिम संस्थान) तालिमपछि पनि सधैं याद रहनेछन्।
३. वैशाख १४ गते कोरियाली कवि डा. यू जंग यी, उनका साथी ओह तथा अर्का अमेरिकी साथी जोनसँग इन्चनस्थित सम्ब्योप्सल रेष्टुराँमा खाएको मनोरञ्जनपूर्ण रात्री भोजन पनि स्मरणीय रहनेछ।

●●●

कविता

# ल्याप्चे र नाक

◆ मणिराज सिंह

आकाशझैं खुला पानामा
बादलका टुक्राटाक्रीजस्तै लेखिएका
जीवनका अमूर्त चित्रझैं खण्डित
घाइते सपनाको पुच्छर अठ्याएर
मनका खुड्किला
र आँखाको मौन परेलीमा
कल्पनाका विम्बहरू लेखिरहेछु
सहिदको रगतमा लुटको परिभाषा कोरिरहेछु
मनका सीमा रेखाभित्र
लाचार समय र जुलुस सजाएर
कलिला किरणको चुम्बनमा लट्ठिरहेछु
जिउँदाहरूको माझमा
लासमाथि जीवन घिसारिरहेछु
मरेकाहरूको काखमा घुस्रेर
आफ्नै सास धानिरहेछु
चाप्लुसीको बर्कोले मुख छोपेर
तुषारोको छेवैछेउ
कछुवा गतिमा अल्मलिएर
टुँडालका आकृतिहरूमा लाज फुलाएर
सीमा वारिपारि देश ताछिरहेछु
घाँटी रेटेर आफ्नै प्यास मेटिरहेछु
फुटपाथमा अनगिन्ती फूल रोपिरहेछु
नाक काटेर आफ्नै ल्याप्चे ठोकिरहेछु।

●●●

लघुकथा

# बहिनी

◆ कमला रिसाल 'ज्योति'

जुली निदाउने प्रयास गर्छे तर उसका आँखाका ढकनीहरू भन्नै उघ्रिन्छन् र भत्काइदिन्छन् तन्द्राको क्रमलाई। उसलाई न उठ्नै मन छ न सुत्न नै। उठ्नु र सुत्नुको दोसाँधमा उसको मनस्थितिले अतीतको जाल फिँजाउँछ, माछा विनाको पोखरीमा। आज झिसमिसे उज्यालो नहुँदै उसको मन भारी भएको छ, हृदयका छालहरू उर्लेर होला जलमग्न भएका छन् उसका नयन कलशहरू। बिर्सन निकै कोसिस गर्दा पनि आला घाउझैँ भइदिन्छन् अतीतका तीता सम्झनाहरू।

गएको वर्षको दीक्षान्त समारोहको कुरा हो। उसको एक युवकसँग परिचय हुन्छ। सरकारी सेवामा आबद्ध त्यो युवक हेर्दा निकै इमान्दर पनि देखिन्छ। हुन त हात्तीका दुई थरी दाँत भए पनि देखाउने त एकै थरी न हो। भर्खरै कोपिलाबाट फक्रिन मात्र थालेकी जुली कति नै बुझ्न सक्थी र! त्यो भन्दा .......।

एक दिन निकै शानदार क्याफेमा उनीहरूको भेटघाट हुन्छ, त्यहीँ मायाप्रेम साटासाट पनि। बेलुकीपख घर फर्केर युवकको प्रेमपत्र पढ्दा जुली सायद जीवनमै सबै भन्दा खुसी भएकी थिई।

नजानिँदो तरिकाले मायाको सागरमा चुर्लुम्म डुबेकी जुलीले आफ्नो स्वर्गतुल्य घर भुली, ममतामयी आमाको आँसु भुली अनि आफन्त, साथीभाइ सबैलाई भुलेर युवकलाई नै सर्वस्व ठान्न थाली। निरन्तर रूपको भेटघाटले होला अति सहज बनिदिन्छन् ती लाजका गहनाहरू पनि! उनीहरूका लागि।

प्रेमदिवसको अघिल्लो दिन युवकको फोन आयो जुलीलाई। ऊ भन्दै थियो - "जुली आज कतै भेटौँ न ल! अबचाहिँ साँच्चिकै बिहे गर्छु तिमीलाई....; कसम! विश्वास गर न यार .....।" जुलीको खुसीको सीमा रहेन। उसले ठानी, "अब मेरो प्रतीक्षाको घडी सकिएछ। हुन त उसले मलाई दसौँ पटक विवाहको प्रस्ताव राखिसक्यो, सायद यो एघारौँ पटक हुनुपर्छ। साइत जुर्नुपर्छ भन्छन्, नजुरेरै होला।" यस्तै यस्तै सोचेर मनोलोकमा हराउन थालिछे ऊ।

सम्भवत: अन्तिम भेटघाट काठमाडौंको पाँचतारे होटलमा हुन्छ। युवकले जुलीलाई एकटकले शिरदेखि पाउसम्म हेर्छ। त्यो हेराइभित्र उसले आफूलाई दुलहीको रूपमा पाउँछे। दङ्ग पर्दै मुस्कुराउँछे, उसको मन मात्र मुस्कुराउँदैन, तन पनि मुस्कुराउँछ।

त्यो हेराइभित्र काकाकुलको तिर्खा लुकेको छ भन्ने उसले कल्पनासमेत गर्न सकिन, गरोस् पनि कसरी......? सुम्पी आफ्नो तन, मन सबै उसैलाई.....।

युवकको कसिलो बाहुपासमा बाँधिएकै क्षणमा उसले हिम्मतका साथ भनी, "कति सहनु परिवार, समाज आदिको लान्छना...., भोलि साइत पनि राम्रो छ, लगनगाँठो कसिहालौं न ल ....!"

अचानक सात रेक्टर स्केलको भूकम्प आएझैं गरी त्यो युवक पाँचफिट पर पुग्यो र चिच्च्यायो, "धत् ! कस्तो कुरा गरेकी ? हाम्रो विवाह....! मैले त तिमीलाई बहिनी ठानेको छु ! बुझ्यौ, मात्र बहिनी....! तिमी नै भन त मैले बहिनीलाई गर्ने व्यवहारभन्दा बढी केही गरेको छु र......!"

●●●

## गजल

◆ धनराज गिरी

हुँ भक्त शारदाको यही मेरो चिनारी
यो शब्द वाटिकामा म काव्यको पुजारी ।

रमाउँछु गजलमा साथी यी शेर मेरा
डुब्छु म भावनामा आनन्द मिल्छ भारी ।

हो प्रेमखेती मेरो गन्तव्य चोखो माया
हार्दिकता बढाई जानेछु सिन्धुपारि ।

जे देख्छु मित्रतामा लेख्छु त्यही गजलमा
यारा बहुत प्यारा दिन्छन् शीतल छहारी ।

बेकार तेरो मेरो शक्ति सबै निरर्थक
छोडेर जानुपर्ने सारा यी खेतबारी ।

दिनू गरिबलाई सार्थक हुनेछ जीवन
बन्नु छ यो जगत्मा मान्छे परोपकारी ।

●●●

लेख

# चिन्तामुक्त र सुखी जीवन

◆ मित्रसेन दाहाल

चिन्ता भनेको चितासम्म पुऱ्याउने रोग हो। चिन्ता र चिताबीच आधा 'न' मात्र फरक छ। यो थाहा पाउँदा-पाउँदै पनि मानिसहरू चिन्तामा डुबेर चितासम्म पुग्ने गरेका छन्। कोही धन, सम्पत्ति, पद, मान, सम्मानका लागि त कोही परिवारका लागि चिन्तित हुने गरेका छन्। यस संसारमा धनसम्पत्ति, बुद्धि, विद्या, सुन्दरता, छोराछोरी, मातापिता, पतिपत्नी आदि भएनन् भनेर आफूसँग नभएको कुरामा चिन्ता गर्दै शोकमा डुब्ने मानिसहरू धेरै भेटिन्छन्।

सृष्टिकर्ताले सबैलाई सबै थोक दिएको हुँदैन। सबै मानिसमा केही न केही अभाव हुन्छ। अभावबिनाको मानिस पाउन मुस्किल हुन्छ। अरूसँग नभएको आफूसँग छ भनेर मानिसहरू चित्त बुझाउँदैनन् बरु अरूसँग भएको कुरा आफूसँग नहुँदा छैन भनेर चाहिँ कुण्ठाग्रस्त जीवन बाँच्छन्। यो नै यस विश्वका मानिसको चिन्ताको मुहान हो।

जति धेरै सुख तथा सुविधा प्राप्त भयो, त्यति धेरै यस संसारमा मानिसहरू चिन्तित हुने गरेको तथ्य छ। खाली हात आएका हौं, खाली हात नै जानु छ भन्ने शाश्वत सत्यलाई मानवले बिर्सिएको छ। आजको भौतिकवादी युगका मानिसहरूले आफ्नो मनलाई असन्तुष्ट र लोभीपापी बनाएका छन्। उनीहरूलाई जति भए पनि पुग्दैन। मन ठीक त सबै ठीक भन्ने साँच्चो मन्त्रलाई बिर्सिएका छन् अनि मनमा शान्ति त सबैतिर शान्ति हुन्छ भन्ने नैतिक ज्ञान एक्काइसौं शताब्दीका मानवमा कहिल्यै पलाएन। मनलाई शान्त राख्यौं भने सबैतिर सन्तोष प्राप्त हुन्छ भन्ने सत्य पनि बिर्सिएका छन्। वर्तमानमा सम्पन्ताको शिखरमा पुग्दा पनि कसैले अनुमान पनि गर्न नसक्ने भविष्यको चिन्ता गरेर मानसिक रोगबाट पीडित हुनेहरूको सङ्ख्या पनि दिनानुदिन बढ्दै छ।

डेल कारनेगीका अनुसार अमेरिकामा लगभग हरेक पैंतीस मिनेटमा एक व्यक्तिले आत्महत्या गर्छ र लगभग हरेक दुई मिनेटमा कोही न कोही व्यक्ति पागल हुन्छ। यो पनि सबै अनावश्यक चिन्ताको उपज हो। मान्छेलाई के र कति भयो भने सुख हुन्छ? त्यसको कुनै सीमा छैन। जुन वस्तुको सीमा छैन र जो हुनु छ त्यो भएर छोड्छ, हुने हुनामीलाई कसैले टार्न सक्दैन। यो परम सत्यलाई मान्छेले अनुभव पक्कै गरेको छ तर पनि मानिसहरू चिन्तामा डुब्न छाड्दैनन्।

शङ्का छ, त्यसलाई विश्वास गर्न सकूँ, जहाँ निराशा छ, त्यसलाई आशामा बदल्न सकूँ। जसलाई अन्धकार देखेको छ, त्यसलाई उज्यालो देखौं अनि जुन कुरामा दुःख छ, त्यसलाई सुख देखौं।" यस्ता भावना मानिसले मनमा सधैं राख्ने हो भने मानिस कहिल्यै चिन्तित हुँदैन।

कसैप्रति पनि शङ्काका भरमा रिस, राग र बदलाको भावना राख्नाले शत्रुलाई भन्दा पनि आफैंलाई बढी नोक्सानी हुन्छ। कुनै कुरामा चिन्ता भइहाल्यो भने आफूलाई व्यस्त राख्नुपर्छ। 'खाली दिमाग सैतानका घर' भन्ने त उखानै छ। फुर्सदिलो र बेरोजगार हुनु पनि मानिसको चिन्ताको प्रमुख कारण हो।

त्यसैले कुनै पनि व्यक्तिले आफूलाई सधैं व्यस्त राख्ने प्रयत्न गर्नुपर्छ। यो रोगी व्यक्तिले आफ्नो अनुभवबाट प्राप्त गरेको ज्ञान हो। त्यसैले सबै किसिमका समस्या, लोभलालसा र अनावश्यक कुराहरू बिर्सिएर हरेक अवस्थामा आफूलाई सकारात्मक बनाई चिन्ता छोडौं, सुखले जिउने प्रयास गरौं।

●●●

## गजल

♦ पद्मा अर्याल

कहाँ गए नदीहरू, फूलहरू, पातहरू ?
कहाँ गए एकान्तमा, रुने मेरा रातहरू ?

हिजोसम्म साथ दिई अघि बढ्न सिकाउँथे
कहाँ गए आज तिनै साथ दिने हातहरू ?

बिछोडको पीडा दुख्छ, मुटुभित्र कताकता
याद आउँछ सबै-सबै अतीतका बातहरू।

हराएछन् यी आँखाका उज्याला ती सपना सबै
समयले धोका दियो पाएँ केवल घातहरू।

हाँस्ने रहरहरू सारा ओठभित्र कैद भए
मात्र बाँकी रहे अब चोटका यी खातहरू।

नयाँ बानेश्वर, काठमाडौं

●●●

कविता

# अस्तित्वको युद्धमा

◆ चन्द्रप्रसाद न्यौपाने

के हो जीवन बुझ्न सक्दिन अहो ! स्वप्ना न वा के छ यो
छन् अन्यौल जताततै समर छन् उम्केर बाँच्ने छ को ?
चारैतर्फ छ बाँध बन्धन कडा सेनाहरूका दल
लाग्छन्, मौन छ यी जगत् र दुनियाँ खै जिन्दगी यो चल ।

ठानें शून्य छ जिन्दगी यहाँ चल्दो छ यो सृष्टि जो
गर्छन् चल्मल दृश्य प्राकृत कला यो अङ्क या शून्य हो
मेरो मात्र छ भावना अचल क्या ! खम्बा बनी टेकिने
हल्लाऔं जति हल्लिदैन कति ए यो जिन्दगी छेकिने ।

यौटा चक्र रहेछ जीवन अहो ! घुम्दै छ क्या ! फन्फन
के हो जीवन औ जगत् र दुनियाँ जादू न वा के भन
स्वप्ना वा विपना म बुझ्छु कसरी अन्यौलमा छट्पट
के हो सत्य असत्य दृश्य कुन हो साँच्चै भएँ के पट ?

ज्ञानी बन्दछ ज्ञानले तर यहाँ के ज्ञानचैं जान्दिनँ
जान्ने भैकन सत्य जान्दिन भने ज्ञानी भनी भन्दिनँ
मेरो ज्ञान भएन सत्य कुन हो झुट्टा छ यो जिन्दगी
जन्में कर्म भएन कीर्ति रहने भो जिन्दगी आपती ।

कैयौं युद्ध र द्वन्द्व क्रोधसितको संयोग छन् लालच
ईर्ष्या व्यर्थ स्वयम् छ आत्मसँगमा शिक्षा लिंदा सापट
ज्ञानी ज्ञान विभिन्न छन् मत यहाँ शिक्षा छ के आर्जन
शिक्षा प्राप्त छ आत्मज्ञानहिनको सुक्खा बन्यो जीवन ।

सिञ्चाई कति छैन भीर पहरा मैदान सुक्खा भए
फुस्रा पर्वत छन् विना हरितका पाटाहरू देखिए
पाटो जीवनको छ मुक्तहिनको झैँ हार भो वीरको
मेरो जीवन व्यर्थ लाग्दछ अहो ! बेकारको तीर भो ।

मेरो हार न जीत यो समरमा सङ्घर्षमा आज म
पर्दैछन् कि प्रहार अनेक थरिका चिन्ता नभै चिन्तन
साँचो चिन्तन हुन् भने यदि ममा तक्मा दिऊन् वीरको
आफ्नै जीवन जित्न सक्छु सजिलै मेरो यही तीर हो ।

कल्ले सक्दछ बुझ्न सृष्टि सृजना कल्ले गऱ्यो को छ त्यो
आफैँ सृष्टि हुँदैन हुन्छ कसरी गर्छन् सबै प्रश्न यो
मेरो हार न जीत हो सृजन यो के के भयो जो भयो
स्वप्ना लाग्दछ या मभित्र विपना दृश्यात्मले खेल्छ को ।

के हो हार र जीतचैँ कुन छ त्यो मैले नबुझ्ने कुरा
छन् अन्यौल र छट्पटी हृदयमा छैनन् कुनै चातुर
कैयौँ युद्ध चले अबोध मनमा संसारको चित्रण
उब्जेको मनभित्र क्रान्ति जति त्यो संघर्षको जीवन ।

सङ्घर्षी क्षण त्यो थियो जब उहाँ ज्यादा थिएँ चल्मल
गर्थे जुर्मुर रौँ थिए जति ममा पार्दै अहो ! चञ्चल
कैयौँ हार सहेँ स्वतन्त्र रणमा ती वीरका साथमा
मैले पर्दछ जित्न आखिर यहाँ अस्तित्वको युद्धमा ।

●●●

कविता

# हावा

◆ ललिता 'दोषी'

हावा चल्यो सरर
पात झर्‍यो फरर
पात झर्दा भुईंमा
मनै भयो करर ।

कहिले सिरसिर गर्दै
फूलपात नचाउँछौ
रूप हेर्दा देखिन्नौ
सबैतिर अटाउँछौ ।

बादल पनि उडाउँछौ
यताउति पुर्‍याउँछौ
बनाई थुप्रै आकृति
मनै हाम्रो भुलाउँछौ ।

मेट्नु कहीँ मेटिन्नौ
छेके पनि छेकिन्नौ
समाऊँ भने हातमा
छुन्छौ मात्र भेटिन्नौ ।

कहिले गर्छौ सिरसिर
कहिले गर्छौ स्याइँस्याइँ
भने जस्तै लाग्दछ
कैले भने नाइँनाइँ ।

घर तिम्रो कहाँ हो ?
कहाँबाट आउँछौ ?
जान्न बुझ्न बाँकी छ
कस्तो गीत गाउँछौ ?

सबैसँग तिम्रो उस्तै
उस्तै हुन्छ नाता
जान सक्छौ, पुग्न सक्छौ
छिचोलेर बाटा ।

नाम तिम्रो अनेक छन्
समीर, हावा, पवन
कहिले पर्दै भुँवरी
पुग्छौ धर्ती-गगन ।

एकैछिन हामीलाई
तिमी नभै हुँदैन
तिमी बिना जिन्दगी
सुक्छ कहीँ रहँदैन ।

कहिलेकाहीँ आउँछौ
ठूलो बेग हाली
भाँच्छौ बोटवृक्ष
जान्छौ विनास पारी ।

गुन-बैगुन सबै नै
हुन्छन् सबै जातिमा
तिमी छर्छौ शीतलु
सबै फूलपातीमा ।

तिमी हाम्रो प्राण हौ
हरदम हुन्छौ साथ
सारा विश्वभरि
तिम्रो चल्छ राज ॥

●●●

# जिज्ञासा

◆ शिवानी घिमिरे

किशोरी अवस्थामा प्रवेश गर्न लागेकी देवीकालाई देखेर श्यामलालले भने – "नानी, तिमी पनि ठूली भइछौ ।" देवीकाले च्याँठिएको आवाजमा भनिन् – "आफ्नी छोरीले बगैँचा गनाएको, स्वास्नीले सहर गनाएको थाहा छैन । मलाई भने ठूली भएको देख्ने ।" यी वाक्य सुन्दा मेरा बालमस्तिष्कमा कौतूहल लाग्दछ । यो देवीकाले के भनेको भनेर आमासँग नै प्रश्न गरेँ ? आमा अवाक हुनुभयो । उत्तर पाइनँ.... ।

श्यामलालकी छोरी रमिता र देवीका दुवै मेरा साथीहरू हुन् । आपसमा मेलमिलाप थियो । खेल्ने मैदानमा ह्रामी सबै भेट हुन्थ्यौँ । देवीको पल्लो गाउँमा घर थियो । रमिताचाहिँ मेरी छिमेकी साथी हो । ऊ अर्को विद्यालय जान्थी । देवीका र म एउटै विद्यालयका विद्यार्थी साथी हौँ । साँझपख खेल्ने मैदानमा हाम्रो भेटघाट हुन्थ्यो र खेल खेलिन्थ्यो । दुवैलाई देखेपछि मलाई त्यही कुराले मनमा अड्डा जमाउँथ्यो । श्यामलालकी श्रीमतीले मलाई असाध्यै नै माया गर्थिन् । मेरो खेल्ने, बस्ने, उठ्ने नै रमितासँग थियो । रमिताले मलाई अनेक कुरामा मद्दत दिन्थिन् । घरायसी काम सघाइदिने र खेल्न आमाबाट अनुमति लिइदिने । मभन्दा एकदुई वर्ष ठूली भएकीले धागो बाँधेर मेरा दाँतहरू फुकालिदिने गर्थी । रमिता मेरी मन पर्ने साथी थिई । मेरी आमाले श्यामलालकी श्रीमतीलाई सानिमा भनेकाले म उनलाई हजुरआमा भन्थेँ ।

एक दिन श्यामलालले छोरालाई घर वरिपरि घुमाउँदै मर्माहत तरिकाले कुटे । आमा कोठामा घोप्टे परेर रुन लागिन् । बिचरा ! दीपक त्यसै दिनदेखि घरबाट हरायो । आमा उसको सम्झनामा रोइरहने । मेरी आमाले घरमा फ्याट्ट भन्नुभयो – "आफ्नो छोरो भएको भए पो माया गर्ने, झट्केलोलाई कसले माया गर्छ ?" ममा फेरि देवीकाको कुराले डेरा जमायो । आमासँग प्रश्न गरेँ – "झट्केलो केलाई भन्दछन् ?" फेरि त्यही प्रश्न दोहोर्‍याएँ । यस पटक आमाबाट कुटाइ पनि खाएँ, अनि आमाले अलिकति कुरा चुहाउनुभयो र फेरि जिज्ञासा सजग भएर जाग्न लागे ।

म ठूली भएपछि बिस्तारै बिस्तारै साहस बटुलेर श्यामलालकी श्रीमतीलाई प्रश्न गरेँ – "हजुरआमा रमिताको थर एउटा दीपक दाइको अर्को थर किन ?" उहाँले सहस्र आँसुधारा बगाउँदै भन्नुभयो- "नानी तिमी धेरै पढ है । मेरो जस्तो दुःख तिमीले पाउनु हुँदैन । तिम्रो साथीले पढ्छे कि पढ्दिन, धेरै सिनेमा हेर्न जान्छे ।

घरायसी वातावरण ठीक छैन। बुबाको कुटाइ पनि खान्छे। घरबाट भाग्छे। दीपक छोरो हो, एक दिन ठूलो मान्छे अवश्य हुन्छ। मलाई जोसुकैले जेसुकै भनोस् मेरो पीडा मैसँग छ।" उहाँले आफ्नो जीवनकथा भन्न लाग्नुभयो।

म बालकै थिएँ। मेरा बुबा आमा मरे। त्यतिखेर पढाउने चलन थिएन। सानैमा विवाह गरिदिए। समयको गति हो कमलाको बुबा बित्नुभयो। बालख छोरी लिएर अर्काको घरमा काम गर्न बसेँ। त्यसै घरका पुरुष बलात्कार गर्न आइलागे। त्यसै घरकी महिलाले मलाई बचाएर दीपकको बुबासँग विवाह गराइदिए। दीपकको बुबाको पनि मृत्यु भयो। मैले अघोर दुःख पाएँ। म गाउँघर समाज सबैबाट अपहेलित भएँ। मेरो मुख कसैले हेर्न चाहँदैनन्। दुई ओटा छोराछोरी लिएर काम खोज्दै हिडेँ तर कतै काम पनि पाइनँ। नानी तिमीहरूले धेरै पढ्नु हे, पढेपछि कसैले हेप्तैन। कुनै न कुनै काम पाइहाल्छौ। काम नपाए पनि गाउँघरका केटाकेटीलाई क, ख पढाएर भात खान्छौ। केही नलागेर दुईओटा छोराछोरी लिएर नदीमा हाम फाल्न गएकी थिएँ, यिनै श्यामलालले मलाई बचाँए र मलाई फेरि स्वीकार गरे। यिनी पनि टुहुरा रहेछन्। आमा बुबा नभएका, कमला छोरी ठूली भएपछि विवाह गरिदिएँ। माइत आउने जाने गर्दछे। दीपकलाई १२ वर्षसम्म पालेँ। छोरो चञ्चल स्वभावको छ भनेको मान्दैन, गरी खाला नि। श्यामलालले मेरो जीवनमा ठूलो गुण लगाएका छन्। यिनैको काखमा मर्न पाए पुग्दछ। हेर म धम्कीको बिरामी छु। मेरो अगाडि कुरा गर्दागर्दै मुखबाट रगत र खकार आउन लाग्छ। मलाई श्यामलालकी श्रीमतीको कथा सुन्दा ज्यादै करुणा लागेर आयो र मनमा पढ्ने उत्सुकता पनि जाग्यो। अब मैले देवीकाको वाक्यको उत्तर राम्रो तरिकाले थाहा पाएँ र मेरा जिज्ञासाका उत्तरहरू पाएँ। पढ्नु पर्दो रहेछ भन्ने ठूलो शिक्षा पनि पाएँ।

●●●

# दुवै समान छौ मेरा लागि

◆ कृष्ण बाउसे

दुवै मेरैमा बस्छौ
र मलाई नै डस्छौ
दुवै चेप्पाई पार्दै मेरा खुट्टामा चिल्लो घस्छौ
म गाई हुँ
तिमीहरू जुका हौ
मेरो रगत चुस्छौ
ढाडिन्छौ
र खस्छौ ।

संसारै जुकाको हो भन्ने भ्रम पार्दै
कहिले मेरो आँखा ढाकेर बस्छौ
कहिले इच्छा अनुसार मलाई डोऱ्याउन
आफै मेरो नाकमा नत्थी कस्छौ
डरलाग्दा फ्याउरा हौ तिमीहरू
सुम्सुम्याउँदा सुम्सुम्याउँदै गुदद्वारबाटै भित्र पस्छौ ।

"तिम्रै मुक्तिका लागि लडिरहेछौ" - तर दुबै भन्छौ ।
एउट भन्छौ- "शोषणबाट मुक्तिका लागि"
र अर्को भन्छौ - 'आतङ्कबाट मुक्तिका लागि !'
तर जब शोषणले नै
मलिलो भूमि प्रदान गर्छ आतङ्कलाई
र आतङ्ककै छायाँमा
भ्याङ्गिन्छ शोषण
तब भन-
मेरा मित्र को हौ ?
शोषक कि आतङ्ककारी ?
वा दुबै मेरा लागि समान छौ शत्रुको रूपमा ?

●●●

♦ राजनविक्रम थापा

तिमीलाई मेरो माया छैन क्यार सानु
तिम्रो मनमा के छ के छ म कसोरी जानु ।

संसारका सारा खुसी तिमीलाई ल्याएँ
तिम्रै यादले सताएर विदेशबाट आएँ
मोड्यौ अरे तिम्ले अन्तै हामी हिँड्ने बाटो
कस्तो चोट दियौ तिमीले यो मायाको साटो ।

तिमीलाई मेरो ......................
..................................म कसोरी जानु ।

मेरो गल्ती के थियो र ? तिमीलाई माया गर्नु
अहिले बीच पारी छाड्यौ बच्नु कि म मर्नु
थियो कि त भन सानु यो मायामा खोट
सहनै यो नसकिने पारी गयौ चोट ।

तिमीलाई मेरो ......................
..................................म कसोरी जानु ।

गोरखा ४,
हाल : वनस्थली, काठमाडौं

●●●

# सोच

## ♦ शान्ति रिसाल

असार महिनाको दिन आकाशमा कालो बादल मडाइरहेको थियो। बारीका मकैका बोटमा धानचमरा लागिसकेका थिए। गर्मीले पनि उखरमाउलो रूप नै देखाउँदै थियो। एक्कासी मैले दिव्या दिदीले छोरी पाइन् भन्ने खबर सुनेँ। नजिकैको छिमेकी दिदी त्यसमा पनि हामी दौंतरी जस्तै थियौँ। उमेर नि त्यत्ति फरक थिएन। मनका भावनाहरू आपसमा साट्थ्यौँ यसो भेटघाटमा फुर्सदमा मैले आफ्नो हातैले मेथीको खीर बनाएर, छोरीको मुख हेर्ने काण्डमा म उहाँलाई भेट्न गएँ। छोरी ठूलाठूला आँखा भएकी राम्री थिइन्, स्वस्थ पनि थिइन्। आमालाई (दिव्या दिदीलाई) बधाई दिएँ। हामी बीच केही भलाकुसारी पनि भयो। कुराकानीको क्रममा उहाँले भन्नुभयो 'छोराछोरी जे भए पनि स्वस्थ बच्चा जन्मनु नै ठूलो भाग्य हो मेरो होइन त ! आजकलको जमानामा छोराछोरी दुवै बराबरी।'

मैले भनेँ 'हो त नि।'

उहाँको कुरा सुनेर म दङ्ग भएकी थिएँ। जेहोस् हाम्री दिव्या दिदी साह्रै असल हुनुहुन्छ, उहाँको सोच पनि ठूलो छ। छोरी जन्मिएकीमा कुनै दुःख मनाउ गर्नु भएन। मैले यस्ता आमाहरू पनि देखेंकी छु, कतिपय ठाउँमा, जो छोरी जन्मिई भनेर छोरीलाई दूध खुवाउनै नमान्ने, राम्रो स्याहार पनि नगर्ने।

उहाँले त्यस दिन दङ्ग परेर मलाई खाजा नखुवाई पठाउनु भएन। प्रसङ्गवश माथिल्लो गाउँकी बस्नेतनी आमाको कुरा पनि हामीबीच चल्यो। कठै ! बस्नेतनी आमैले पाँच छोरीहरू पछि छोरा पाउनुभयो। त्यो पनि पूर्णिमाकै दिन मेरो छोरो पूर्णमा जन्मेको भनेर सबै छोरीहरूलाई भन्दा बढ्ता वात्सल्य त्यही छोरोमाथि खन्याउनुभएको थियो रे; छोरीहरूको समेत चित्त काटिने गरेर। पछि घरजम गरेपछि छोराले त आमा मेरो घरमा अटाउँदिनन्, घर सानो छ भनेर घर नजिकैको मन्दिरको पाटीमा लगेर राखिदिए। बिचरी ! बस्नेतनी आमै ! छोराले घरबाट निकाला गरे पनि कुनै चित्त नदुखाई जीवन चलाउँदै थिइन् तर एउटै भएको छोराले 'के खायौ ? आमा !' भनेर पनि कहिल्यै सोधेन भनेर सधैं उनको चित्त कुडिन्थ्यो। मेरो मनमा पनि सधैं एउटा प्रश्न हुँडली रहन्छ। जति छोराछोरी भए पनि बाबुआमा तगडा भएसम्म

उनका घरमा सबै जना अटाउँछन् यद्यपि बूढा बाबुआमा छोराछोरीको घरमा अटाउँदैनन् किन ?

एक दिन बिहान म बारीमा साग टिप्दै थिएँ। दिव्या दिदीले मलाई इसारा गरेर चिया पिउन आऊन मकहाँ एक छिन भनेर बोलाउनु भयो। म अलमलल्ल परेँ, काम गर्नुपर्ने थुप्रै थियो, कता चिया पिउन छिमेकीको घरतिर लाग्नु तर मैले नकार्न सकिनँ। हाम्रो पुरानो मित्रता वा दिदी बहिनीको नातासँगै बिस्तारै कपाल तिल, जौ हुन थालिसकेका थिए। उहाँ ढोकैमा मलाई लिन आउनुभयो र भन्नुभयो, बुझ्यौ तनया (छोरी) ले एस्. एल.सी. ८०% ल्याएर पास गरी नि ! हो ! ओहो ! कस्तो खुसीको खबर सुनाउनुभयो, ल बधाई छ तपाईंलाई पनि। छोरी कता छिन् ? रिजल्ट कहिले भयो ? मैले एकसाथ सोधेँ।

'अहिले एक छिन भयो। छोरी साथीहरूसँग विद्यालयमा गएकी छे।'

म पनि दङ्ग परेँ। सोह्र सत्र वर्ष कति छिट्टै बितेछ। मनमनै सोचेँ 'केही उपहारसाथ उसलाई बधाई दिनुपर्ला।' त्यत्तिकैमा दिदीको सानो छोरो चाउचाउ खाने भन्दै हामी बसेकै ठाउँमा आइपुग्यो। ठीक त्यही समयमा अनायास मेरा मुखबाट निस्के; 'छोरीलाई अब के पढाउनुहुन्छ ?

उनले के पढ्ने रहर/इच्छा गरेकी छिन् ? उहाँले ठूलो ठूलो स्वरमा भन्नुभयो, त्यसले रहर गर्दैमा हुन्छ। महङ्गो पर्ने विषय पढाएर के काम ? म त छोरीको लागि धेरै लगानी गर्दिनँ बुझ्यौ ? पढाइ सक्नासाथ बिहे गर्न दाइजो जोहो गर्नुपर्छ। छोरीलाई पढाएर फांइदा नै के छ र ! यो छोरोलाई चाहिँ बरु सक्दो खर्च गरेर पढाउँछु बुझ्यौ म त !

मैले सत्र वर्ष अगाडिदेखि मेरो मनमा दिव्या दिदीलाई उहाँको सोचलाई धरहराभन्दा अग्लो बनाएर राखेकी थिएँ तर आज एक्कासी गर्ल्याम-गुर्लुम ढलेर टुँडिखेल भरि छरियो। मलाई दोहोरो कुरा गर्न मन नै लागेन। फरक्क फर्कें यद्यपि आज पनि मलाई त यिनलाई सम्फेर समानता र समताका कुरा गर्ने नारीहरूका मनलाई भित्री तहसम्म स्पर्श गर्ने रहर चाहिँ लागिरहेछ। किन ? किन ?

आरुबारी, काठमाडौं

●●●

# नियम कडा छ

◆ गङ्गा पौडेल

वनमा पतकर सोहोर्न जाँदा ठूलीले रूखमा मसिना हाँगाहरू सुकेको देखिन्। मनमनै सोचिन्- "भूस र पतकरको आगो छिट्टै निभ्छ। एक छिन ढिलो भयो कि ढिंडो सेलाउँछ। त्यसैले चुलोमा ती भिँजा दाउरा बाल्न पाए केही बेर तातो रहने थियो।"

ठूली रूखमा चढेर ती सुकेका भिँजाहरू तल झारिन्। त्यसपछि हातैले पिटिक-पिटिक भाँचेर मुठा पारिन्। पतकरको भारीमाथि त्यो भिँजाको मुठा पनि राखेर बोकिन्। तिनी वनबाट बाहिर निस्कने क्रममा वनपालेले देख्यो र ठूलीलाई हकार्दै भन्यो– 'पतकर बाहेक दाउरा लान पाइन्न, बुझ्यौ नियम कडा छ। दाउरा छोड।"

गहुँगो भारीले थिचिएकी ठूलीले मुन्टो उठाएर वनपालेलाई हेरिन् र वनतिर औंलाले देखाउँदै भनिन्- "ऊ.... त्यहाँ ठूलाठूला रूखहरू काटेर लडाएका मुढाहरू आलै छन्। त्यस्तालाई रोक्नचाहिँ नियम कडा छैन, यी सुकेका भिँजालाई चाहिँ नियम कडा छ।"

"त्यो त माथिबाट नेताज्यूका आदेशमा काटिएको हो। तपाईं पनि आदेश ल्याउनुस् दाउरा लानुस्" वनपालेले गम्केर भन्यो।

ठूलीले पनि जङ्गिँदै वनपालेलाई भनिन्- "ठूलालाई चैन सानालाई ऐन ? यो कस्तो नियम हो ? नेताले देशको सम्पदा लुट्दा हुने, गरिबको चुल्होमा आगो पनि नबल्ने ? निमुखा जनता सधैं भोकै र नाङ्गै बस्नुपर्ने ? यति भिँजाको लागि म कुन नेताको दैलोमा भीख माग्न जाऊँ ? तिमीलाई अलिकति पनि दया लाग्दैन ? यो दाउराबिना गरिबको चुल्होमा ढिंडो पाक्दैन भनेर तिमीले नै नेतालाई भने हुँदैन ?"

ठूलीले भारीबाट भिँजाको मुठो नझिकेसम्म वनपालेले छोडेन। तिनले त्यो भिँजाको मुठो उसको अगाडि फ्याँकिदिइन्, र फतफताउँदै घर गइन्। बाटोभरि बोल्दै जाँदा ठूलीको घाँटी सुक्यो र पतकरको भारी पिँढीको डिलमा बिसाएर ढोका खोलेर भित्र पसिन् र घैंटोबाट पानी सारेर घटघटी पिइन्।

ठूलीलाई त्यो वनपालेदेखि साह्रै रिस उठ्यो अनि नेताहरूसँग पनि। उनी पिँढीमा बसेर एक्लै कराउँदै नेताहरूलाई सराप्दै भनिन्- "हामीले नै भोट हालेर चुनाव जिताएर पठाएका नेताहरूले जनता र देशका लागि केही गर्लान् भन्दा त उल्टै गरिबलाई नै ड्याँक्ने, देशलाई खोक्र्याउने गरिरहेका छन्। तिनीहरूको भलो नहोस्।"

ठूलीको सराप नेताहरूलाई लागे-नलागेको हेर्न बाँकी नै छ तर वनमा भने एक छिनपछि नै ठूलाठूला ट्रकसहित मान्छेहरू आएर रूखका मुढाहरू धमाधम लोड गरेर लगे, वनपालेले टुलुटुलु हेरिरह्यो।

●●●

कविता

# मन

◆ सुधा भट्टराई

अस्थिर र अनौठो यो मन
संसार घुम्ने र घुमाउने यो मन
कति सहज विश्व च्हार्दै
मान अपमानका भावना बोकेर
जीवनको चालक बनेर हिँड्ने
यो मन ।
सुख र आनन्दमा जोडिन चाहन्छ
एकपल्ट तोडिएपछि
विषाद र घृणाले मन भताभुङ्ग हुन्छ
हत्तपत्त टालिँदैन पनि
यो मन ।
कति भावनाहरू बोकेर
आकाश-पाताल र देश-विदेश घुम्छ
यो मन ।
हुन त प्रत्येक मानव हृदयमै स्थापित छ
यो मन ।
कसको कस्तो मन
कतै दुराग्रही छ मन
कतै हिंसा र रोदनमा छ मन
अति शीघ्र उड्ने सरल रूप
यो मन ।
संसार सिँगारी दिने अनि
छिन मै बिगारी दिने यो मन ।
मन नै त हो
कवि हृदयलाई भावुक बनाएर
यसरी विश्व भ्रमण गराउने ।

●●●

कविता

# स्मृति

◆ राधिका पन्त

भानु तिमी उदाएछौ चुंदी रम्घा गाउँमा
रवि बनी पुगिरहेछौ कुना काप्चा ठाउँमा ।
मर्स्याङ्दीको शिर बनी उर्लिरह्यौ भानु
कुन साइतमा पहिलो पाइला टेक्यौ हामी जानुँ ।

शिरै ठाडो पारीदियौ नेपालीका गाथा
जति सुन्यो सुनूँ लाग्ने रामायणको भाका ।
बेंसी फुले सिमल भुवा लेकफुले चाँप
नेपालीलाई दिइरह्यौ धारा बहाइ राप ।

कवि बनी छवि छोड्यौ सधैं तिमी बल्यौ
स्कुल कलेज कहाँ थियो, शिक्षा कहाँ लियौ ।
रूखका बोक्रा बाँसको खोप्टा कलम त्यस्ता थिए
इच्छा शक्ति ठूलो रै'छ साधन कमै भए ।

अज्ञानलाई हटाएर ज्ञानी बन्यौ भानु यहाँ
मनको मैलो ओकलेर भेद खोली दियौ यहाँ ।
जुन मनमा चोट नहुँदा पीडा बोध हुन्न होला
भानुले झैं अरू कसै सबको मन छुन्न होला ।

लोकन्थली, भक्तपुर

●●●

कविता

# झेली खेल

◆ विजयध्वज थापा

यो कस्तो खेल हो सधैँ सबै हार्ने
हारलाई नै जीत भनी सधै जुँगा मुसार्ने
सबैलाई रेटेर आफू माथि पर्ने
जाल झेल गरेरै पनि दाउ ओगटी राख्ने
यो कस्तो खेल हो सधैँ सबै हार्ने
केही पल कुर्सी पाए त्यही जीत मान्ने ।

आफ्नो घर आफैँ बाली न्यानो आगो ताप्ने
आफ्नै खुट्टा काटिकाटि बन्चरो धार लाउने
यो कस्तो खेल हो कुनै नियम नहुने
आफूचाहिँ झेल गर्ने अरूलाई जेल देखाउने ।

कुर्सी पनि दुई दिनको हो सम्पत्ति हो खरानी
यश कीर्ति केही छैन छ कुकर्मको खानी
धारे हातले सराप्ने छन् तिम्रो इतिहास सुन्दा
देशले उँधो गति लियो तिम्रो घमण्डले गर्दा
यो कस्तो खेल हो अरू सबै हार्ने
जाली, झेली, भ्रष्टाचारी केही पल मुस्कुराउने ।

सधैँ सबै यस्तै भए हिमाल खाल्टो पर्ला
खै यो देशले कसरी कोल्टे फेर्ला
आफ्नो कुकर्म आफैँ हेर आफ्नो घमण्ड तोड
खाल्टाखुल्टी अब धेरै भयो माया ममताले भर
अशान्तिले देश बल्न थाल्यो दिगो शान्तिको कुरा गर
केही नगरे पनि अरूको लागि आफ्नो इतिहास कोर ।

●●●

कथा

# जीवनको परिवृत्तमा

◆ शर्मिला खड्का (दाहाल)

ऊ हतार-हतार गर्दै बाटो काट्छे। झण्डै एउटा टेम्पोले हानेको, उसले थाहा नै पाइन। जब पछाडि फर्केर टेम्पो ड्राइभरले 'मर्लास् नि!' भनेर गाली गऱ्यो तब मात्र ऊ झसङ्ग भई। झण्डै इहलीला नै समाप्त भएको। उसको मुटु ढुकढुक गऱ्यो - 'थुइक्क ऽ.. आज यो बनढाडेको गाली खानुपऱ्यो एकाबिहानै।' उसले मनमनै सरापी, त्यस टेम्पो ड्राइभरलाई।

"यो हतार, यो व्यस्तता, यी पाइलाहरू पनि अलिक लामा भइदिए हुने नि! फटका जति लामो पारूँ भन्छु त्यति नै छोटो भइदिन्छ। नौ—बीसमा स्कुल पुग्नुपर्ने, यही नै नौ-बीस भइसक्यो। आज पनि ढिलो भएर गाली खाइने भइयो। कहिले के भएर गाली, कहिले के भएर गाली यो जीवन नै गाली खान खाली भएजस्तो लाग्छ।"

ऊ मनको गनथन मनमा नै पोको पारेर लम्कन्छे। धेरै कुरा पछाडि छोडेर जानुछ उसलाई। अगाडि बढ्नलाई पछाडि धेरै कुरा छोड्नै पर्छ। जीवनको परिवृतमा जति अगाडि बढ्न खोज्यो उति पछाडि हुन्छे ऊ। उसको जीवन नै वृत्ताकार छ। त्यसैले घुमिरहन्छ, घुमिरहन्छ कुनै उद्देश्य र लक्ष्यबिना नै वृत्तको वरिपरि।

अहिले ऊ धेरै अगाडि आइसकेकी छे। झण्डै स्कुल पुग्न पाँच मिनेटको बाटो बाँकी रहँदा उसको सेन्डिलको फिता चुडिन्छ।

"थुइक्क ऽ.. आज अवासी नै अबासी लाग्ने दिन रहेछ। यो सेन्डिल पनि यही बेला फुस्कनुपर्ने। सबै सामान डुप्लिकेट ल्याएर महङ्गोमा बेचेपछि यस्तै हुन्छ। व्यापारी न हुन्, कसले नियन्त्रण गर्ने बजारको महङ्गी र सामानको मूल्यको स्तरीयता। जति भनेर बेच्दा पनि भएको नै छ। अझ अलिक नयाँ डिजाइनको छ भने त भाउले आकाश छुन्छ। हुन त हामी उपभोक्ता नै उस्तो।"

ऊ मनको गनथनसँग रन्थनिँदै दौडन्छे। खुट्टा घिस्याउँदै मुश्किलले स्कुल पुग्छे। स्कुलमा कक्षा सञ्चालन भइसकेको छ। सबै स्टाफ क्लासमा छन्। उसको साथी मीनाचाहिँ चक लिन स्टाफ रूममा आइपुग्छे।

'गुड मर्निङ्ग'
'गुड मनिङ्ग' ऊ फर्काउछे।
'तिमीलाई प्रिन्सिपल सरले सोध्दै हुनुहुन्थ्यो।'

"हेर न आज सेण्डिलको फिता फुस्केर बाटोमा आपत पऱ्यो भन्या। त्यसैले ढिला भयो।" उसले राम्रो बहाना पाई किनभने उसको स्कुल आउन त त्यसै पनि ढिला भएकै हो नि।

"यो प्रिन्सिपल पनि मापाको छ। कस्तो स्ट्रिक गर्छ। पहिलाको प्रिन्सिपल त सोझो थियो, कुरा पनि बुझ्थ्यो। यो त सोझै भन्छ मलाई तपाईंहरूलाई गाली गर्न छुच्चो हुन नै फाउन्डरले तलब दिएको छ। कस्तो अधर्मी बूढो छ! व्यावहारिक कुरा नै बुझ्दैन। लेडिजलाई कस्तो समस्या हुन्छ भनेर। ऊ होस्टेलमा खान्छ। केही काम गर्न पर्दैन। हामीले कति थोक भ्याउनुपर्छ। नाथे आठ हजारले काठमाडौंको ठाउँमा बाँच्नुछ। डेरामा ग्याँस सकिएको छ। दुई चार लिटर मट्टितेल मागेर खाना बनाउँदै छु। आज सेण्डिलको फिता फुस्कियो। यो पनि घाटा नै लाग्यो। यस्तो जिन्दगी पनि के जिन्दगी यस्तो? लाऊँलाऊँ, खाऊँखाऊँ भन्ने उमेरमा त मीठोमीठो खान पाउनु र राम्रो राम्रो लाउन पाउनु अनि पो जिन्दगी। मनभित्र धेरै कुरा उकुसमुकुस हुन्छ उसको। ऊ मन नलागी-नलागी प्रिन्सिपलको कोठामा पस्छे "ध्याङ्क गड बूढो रहेनछ।" ऊ खुसी हुन्छे। हतार-हतार उपस्थिति बहीखातामा उपस्थिति जनाएर कक्षाकोठातिर हानिन्छे। चकझैं उसको जीवन घोटिएको ठ्याक्कै सात वर्ष भयो। उसको जीवनको ब्लाकबोर्डमा धेरै कुरा लेखिँदै, मेटिँदै गरेका छन्। अचानक उसको कानमा गाउँको सासू कराएको आवाज आउँछ–

"ए शिवे ऽ.. तेरो दुलहीको चाला के हो? हेर आठ बजेसम्म सुतिरहन्छे। घरमा कति काम छ, धान सुकाउनुपर्ने।" चामल अस्ति नै सकिएर पैंचो मागेर काम चलाइरा' छु। गहुँ घाममा सुकाउनुपर्ने कीराले सबै खाइसके। बिउ नै मासिने भो। तिमीहरूको कुरा सुनेर खेती पनि अधियाँमा दिइयो। धान पनि राम्रो आउँदैन। केले घरधन्दा खेप्नु। महङ्गी बढेर कहाँ पुग्यो। रुपैयाँपैसा त माटाको भाउ भए। के समय आयो यस्तो... !'

ऊ भसङ्ग हुन्छे। ऊ अहिले कक्षाकोठामा छे। अघिका सासूका संवाद ब्लाकबोर्डमा मेटिइसकेको छ। ऊ वर्तमानमा तरङ्गित हुन्छे। ऊ विगत भुल्न चाहन्छे तर पनि किन यसरी पछ्याइरहन्छ उसलाई। उसको छाती भारी भएर आउँछ। खोई खुसी, खोई रहर, खोई चाहना, खोई सन्तुष्टि? ऊ ब्लाकबोर्डभरि यिनै शब्द मात्र कोर्न चाहन्छे। सके आफ्ना पीडाहरू लेख्न चाहन्छे तर लेखिँदैन। लेख्न खोज्यो चक नै मधुरो भइदिन्छ।

विद्यार्थी कराउँछन् - "टिचर चकले केही लेखिएन।"

"थुइक्क ऽ.ऽ चक, चक पनि यस्तो! चक बनाउने कम्पनी पनि चोरैचोर हुन्।" ऊ चकलाई आक्रोश पोख्छे।

"टिचर लेखेको बुझिएन।" एउटा छात्र कराउँछ।

उसलाई झनक्क रिस उठ्छ। गुरु गुरुआमाबाट मिस, मैम हुँदै अहिले टिचर शब्दमा प्रदूषित हुँदै छन् गुरु र गुरुआमाहरू, काठमाडौंको प्रदूषणजस्तै। गुरु र गुरुआमा शब्दमा कति गहनता छ सम्मान छ। अब त टिचर शब्दमा सम्बोधित हुनुपर्ने। होइन! यी आयातित शब्दहरू कहाँबाट उडेर आउँछन् फुत्तफुत्त।

आधुनिकताको नाममा सबै सम्मानजनक शब्दहरू उडाइसके नेपालीहरूले कम्प्युटरमा डिलिट गरेझैं अब त बुबाआमालाई डैडीमम्मी भन्दाभन्दै पनि फादर मदर भन्न थाल्छन् होला । वाह रे सभ्यता ! यसलाई कसले थाम्ने र रोक्ने सबैलाई आधुनिक हुनु छ ।"

"टिचर हिजोको मेरो होमवर्क कापी दिनु भएकै छैन ।" एउटा छात्रा कराउँछे ।

"ए ! ल आज टिफिन पछाडि दिन्छु है, ल यो कक्षागत कार्य गरेर देखाऊ ।"

अब ऊ कक्षाको कार्यमा स्थिर हुन्छे ।

हिजोको होमवर्क चेक गरेको छैन, युनिट टेष्टको प्रश्नपत्र तयार गर्नुपर्ने, लेसन प्लान बनाउनुपर्ने , कतिखेर भ्याउनु ?' ऊ अत्तालिन्छे । विद्यार्थीलाई कक्षागत कार्य गर्न दिएर गृहकार्यको कापी चेक गर्न थाल्छे ।

कापीभरि गाउँको सासू र लोग्नेको चित्र चित्रित हुन्छन् ।

"खान्दानकी छोरी ल्याइस् आफैं मन पराएर । ढलेको लोटा उठाउँदिन । हेरौं न सुत्केरी हुँदा कसले स्याहार्दो रहेछ ।"

उसको लोग्ने भन्दै छ - "आमा दुई जीउकी हुँदा यस्तै हो काम गर्न मन लाग्दैन । सधैं यसरी रिसाएर हुन्छ ।"

साँच्चै ऊ सुत्केरी भई । बच्चा सिजर गरेर निकाल्नुपऱ्यो । उसलाई स्याहार्ने कोही भएनन् । माइतबाट भाउजू र भदैनी हस्पिटलमा हुँदासम्म स्याहार्न आए । त्यसपछि घर ल्याएपछि आउन मानेनन् । उसलाई स्याहार्नेको नाममा गाउँकी सानीमा पर्ने आउँथिन् । तिनी बच्चालाई तेल लगाइदिने, कपडा धोइदिने गर्थिन् । जिउँदो मूढाजस्तो बीस दिनसम्म ओछ्यानमा लडी रही । छोरालाई दूध खुवाउनसम्म सकिन । दूध थुनिलो भयो । पीडाले सहिनसक्नु भएपछि ऊ माइत गई । छोरालाई पनि निमोनिया भइसकेको थियो । मुश्किलले आमा छोरालाई हस्पिटलमा भर्ना गराइदिएर बुबाआमाले निको पारिदिए । त्यसपछि बुबाआमाले उसलाई घर जान दिएनन् । उसको लोग्नेले आमाबुबासँग अंश माग्यो । उनीहरू छुट्टिएर व्यापार गर्न थाले । व्यापारमा कसरी घाटा लाग्यो उसले थाहा पाउन सकिन । अभावले उनीहरूलाई माछालाई पाहामा पछारेझैं पछार्न थाल्यो । अभावसँगै कलह पनि उम्रियो अनि भ्याँङ्गिन थाल्यो । त्यसपछि उसको लोग्ने बिदेसिनुको विकल्प थिएन ।

उसको लोग्ने थियो र ? ऊ झसङ्ग हुन्छे । साँच्चै थियो । उसले त लोग्ने थियो भन्ने कुरा पनि बिर्सी सकेकी रहिछ । आज यो गृहकार्यको कापीमा कसरी उसको लोग्नेको चित्र आयो ? थियो र त आयो उसले मन बुझाई ।

टिफिनमा उसको मिल्ने साथीले कानमा भनी "हेर तिमीलाई सस्पेन्स गर्ने हल्ला छ रे ।" ऊ थरर काम्छे । उसको जागिर फुस्क्यो भने कसरी बाँच्ने ? त्यसै पनि नेपाली विषय पढाउने टिचरको कुनै औकात नै हुँदैन । उसले अङ्ग्रेजी पढाउन

जानेकी भएदेखि यस्ता नाथे पढाउने काम जति पनि पाउँथी तर के गर्नु नेपाली पढाउने टिचर फालाफाल हुन्छन् अनि स्कुलले पनि भाउ खोज्छ ।

ऊ आज ढिलो आएकोमा पछुतो मान्छे ।

"मिस गीता, तपाईंले स्टुडेन्ट कन्ट्रोल गर्न सक्नुभएन ।"

"मिस गीता तपाईं अफिस टाइममा कहिले आइपुग्नुभएन ।"

"मिस गीता तपाईंले समयमा लेसन प्लान बनाएर बुझाउनुभएन ।"

"मिस गीता, तपाईंलाई प्यारेन्टस्हरूले कम्प्लेन गरेका छन् ।"

"मिस गीता, तपाईंले क्रियटिभ वर्क गर्न सक्नुभएन ।"

"त्यसैले तपाईंको यो महिनाको तलब रोक्का गरिएको छ ।".

ऊ छाँगोबाट खस्छे । ऊ घर आइपुग्छे । घरमा प्रिन्सिपलका तिनै शब्द कानमा गुन्जिरहन्छन् । ऊ कान थुन्छे तर पनि आवाज कहाँबाट भित्र गुन्जिरहेको हुन्छ । उसले घरको भाडा तिर्न सकेकी छैन । छोराको लागि फिस माइतमा पठाउनुपर्नेछ । केले बाँच्नु ? ऊ अत्तासिन्छे । विकल्पका बाटाहरूमा भौंतारिन्छे । सहाराको लागि कोही देख्दिन । मानवसागरले भरिएको काठमाडौं खण्डहरजस्तो देख्छे ।

बाँच्नुको बाध्यताले उसको यौवनलाई त्यसै सुकाइसक्यो । अभाव र आवश्यकताले यौवनका सुखद अनुभूतिहरू खडेरी लागेको खेतझैँ सुकिसके । ऊ निसासिन्छे । अब सास कसरी फेर्ने ? कुनै माध्यम छ ? कुनै विकल्प छ ? जिन्दगी उसलाई भारी भएर थिच्न आइपुग्छ ।

ऊ फेरि स्कुलमा पुग्छे जीवनको भारी बोकेर । ऊ कापी काटिरहेकी हुन्छे । उसको कानमा प्रिन्सिपलका तिनै वाक्यहरू दोहोरिरहेका हुन्छन् ।

"टिचर टिचर" एउटा विद्यार्थी कराउँछ । ऊ केही सुन्दिन ।

फेरि छेउमा आएर जोडले कराउँछ - "टिचर मेरो करेक्ट वर्कमा पनि कट्टा गरिदिनुभयो ।"

ऊ एक झापड हान्छे । विद्यार्थी रुन थाल्छ । सबै विद्यार्थी सशङ्कित र त्रस्त बन्छन् ।

उक्त विद्यार्थीको गालामा रातो छाप बस्छ । ऊ देख्छे । त्यसपछि उसलाई आत्माग्लानि हुन्छ । ऊ उक्त विद्यार्थीमा आफ्नो छोराको रूप देख्छे । उसलाई माया लागेर आउँछ । एक छिनपछि डरले थरर काम्छे । "कतै प्यारेन्टसले कम्लेन्न गर्ने हुन कि यस्ता सजायको विषयमा बारम्बार पत्रिकामा खबर आउने गरिराख्छ ।" ऊ विद्यार्थीलाई मायालुभाव राख्दै मुख धुन पठाउँछे ।

उसको कानमा फेरि प्रिन्सिपलको आवाज गुञ्जिन थाल्छ । अहिले आवाजमा नयाँ संवाद पनि थपिएको छ ।

"मिस गीता, तपाईंले विद्यार्थीलाई कडा फिजिकल पनिसमेन्ट दिनुभयो, त्यसैले तपाईंलाई दुई महिनाको लागि सस्पेन्स गरिँदै छ ।"

●●●

# भानुभक्त

◆ पुष्पा खनाल

पाएर साथ घरमै बाजे श्रीकृष्णजीका
लिए ज्ञान धेरै सिके कुरा संस्कृतिका ।

पाए उपदेश घाँसीको एक कुवा खन्ने
लाग्यो उनलाई मनमा केही गरौँ भन्ने ।

परिश्रमी थिए उनी बसेनन् फगतमा
फिँजाए नाम र कीर्ति यो जगत्मा ।

चिनाए चुँदी अनि रम्घा बेँसी पनि
उनलाई चिनाउने त रामायण छ नि ।

नेपाली साहित्यका अटल ध्रुव तारा
रामायण लेखी ब्यूँझाए लोक सारा ।

नामी आदिकवि यी साहित्यमा पोख्त
हामीमाझ जीवित छन् सधैँ भानुभक्त ।

इलाम

●●●

# मितेरी नेपाल

सत्यमोहन ज़ोशी
मानार्थ सदस्य

भद्रकुमारी घले
संरक्षक

रूकु कार्की
संरक्षक

गिरिप्रसाद उपाध्याय
सल्लाहकार

माया ठकुरी
सल्लाहकार

नवराज कार्की
सल्लाहकार

जलेश्वरी श्रेष्ठ
सल्लाहकार

डा. मृदुला शर्मा
सल्लाहकार

# कार्यसमिति

चन्द्रकला नेवार
अध्यक्ष

महेन्द्र गुरुङ्ग
उपाध्यक्ष

यादव भट्टराई
महासचिव

नम्रता उपाध्याय
सचिव

मणिराम सिंह
कोषाध्यक्ष

ललिता दोषी
सदस्य

कमला रिसाल
सदस्य

शम्भु गुरागाईं
सदस्य

सङ्गीता शर्मा
सदस्य



जगन्मात्रे नमोनमः॥ १८॥ प्रसीद देवदेवेशि
कृपया परया सदा॥ अभीष्ट फल सिद्ध्यर्थं कु
रुमे माधव प्रिये॥ ॥इति तुलसी पूजा समाप्ता।
शुभं भूयाल्लेखक पाठकयोः श्री भानुभक्तश
र्मणा पाठितेन सम्वत्॥ १९१४ आश्विन
पौर्णमास्याम्॥ राधा दामोदरः प्रीयताम्॥४।